


Downloaded from http://www.dhamma.digital

# असल शिक्षा

## भाग-९



लेखक

**भिक्षु अश्वघोष**

संघनायक

संघाराम विहार, ढल्को, काठमाडौं

०

Downloaded from http://www.dhamma.digital

**लेखक/प्रकाशक**

**भिक्षु अश्वघोष**

**संघनायक**

संघाराम विहार,

ढल्को, काठमाडौं

बुद्ध सं. : २५५८

नेपाल सं. : ११३४

ई. सं. २०१४

बि.सं. २०७१

प्रकाशन १२०० प्रति

अनुवादक संघरक्षित



Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# मेरो कही कुरा

यस पुस्तक "असल शिक्षा" भाग-९ को रुपमा प्रकाशन गर्ने इच्छा राखी यसमा मलाई मनपर्ने कथा शिक्षाहरु समावेश गरी लेखेको छु। श्रद्धालु दाताहरुले दान दिएका रकम, पैसा जम्मा गरी यो पुस्तक छाप्दैछु। त्यसैले मलाई श्रद्धापूर्वक दान गर्नुहुने सबै दाताहरुलाई निरोगीको कामना गरेको छु।

यस पुस्तक अध्ययन गर्नुहुने पाठक वर्गले यसमा उल्लेखित शिक्षालाई आ-आफ्नो जीवनमा अभ्यास गरी राम्रो आचरण र सद्व्यवहारले युक्त बनी ज्ञानी हुन सकेमा उहाँहरुले पुण्य आर्जन गर्ने कुरा अवश्यम्भावी छ। यसले गर्दा मलाई पनि पुण्य प्राप्त हुनेछ भनी आशा गरेको छु।



Downloaded from http://www.dhamma.digital

पुस्तक अनुवाद गर्नुहुने संघरक्षितलाई निरोगीको कामना गरी धन्यवाद व्यक्त गरेको छु ।

**भिक्षु अश्वघोष**

(संघनायक)

संघाराम विहार

ढल्को, काठमाडौं

भाद्र, २०७१



Downloaded from http://www.dhamma.digital

# बिषय सूची

| | |
|---|---|
| मेरो केहि कुरा | क |
| वुद्धको कुरा नसुन्ने भिक्षु | १ |
| वुद्धले निकालेका भिक्षुहरु | ७ |
| व्राह्मणको अवबोध | ११ |
| वंगीशको अवबोध | १५ |
| आत्महत्या गर्न खोज्नेको विवेक वुद्धि | २२ |
| चित्र गृहपतिको विवेक वुद्धि | २८ |
| योग्य गुरु बुद्ध | ३६ |
| सात पल्टसम्म गृहस्थी-भिक्षु | ४१ |
| पुरुष महिला भयो | ४६ |
| इन्द्र-धर्म | ५१ |
| कञ्जुस साहुको छोरा | ५७ |
| कञ्जुस साहुको मालपुवा | ६३ |

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# बुद्धको कुरा नसुन्ने भिक्षु

एक समय भगवान् बुद्ध वालिका नगरसँगैको वालिका पर्वतमा बस्नुभएको थियो । त्यस बेलासम्म घर-गृहस्थीमा बस्नु धेरै नै झन्झट हो, कलह हो भनी भिक्षु हुनेहरु धेरै भइसकेका थिए । भगवान् बुद्धलाई स्थायी रुपले सेवागर्ने भिक्षुहरु यस बेलासम्म कोही थिएन । आनन्द भिक्षु सेवक नभएसम्म नागित, नागसमाल, मेघिय आदि भिक्षुहरुले पालैपालो बुद्धको सेवा गरिबसेका थिए ।

वालिका पर्वतमा बुद्ध बस्नुहुँदा मेघिय भिक्षु एकजना मात्र उहाँसँग सेवागर्न बसिरहेको थियो ।

एक दिन मेघिय भिक्षु भिक्षाटन गयो । एक ठाउँमा आँपको जंगल देख्यो । त्यहाँ गएर एकछिन बस्यो । उसलाई धेरै नै आनन्दको महसुस भयो । रमाइलो लाग्यो ।

उसको मनमा लाग्यो बुद्धले आज्ञा मात्र दिनुभए यहीं आनन्दले बस्न आउने थिएँ । यहाँ भए ध्यान भावना पनि गर्न सकिन्छ, चाँडै नै ज्ञान लाभ पनि



Downloaded from http://www.dhamma.digital

हुनेछ। बुद्धकहाँ उपासकहरु पनि, उपासिकाहरु पनि बरोबर आइरहन्छन् । शान्ति छैन । यहीं बस्नु नै बेस होला ।

यस्तो विचार गरी ऊ बुद्धकहाँ गयो। बुद्धलाई वन्दना गरी भन्यो- "भन्ते ! म आज विहान चीवर लगाई पात्र समाई जन्तुगाउँमा भिक्षा गएँ। भोजनपछि केही समय आराम लिन भनी खोलाको किनारामा घुम्न जाँदा एउटा एकान्त ठाउँमा आँपको बगैचा देखें । मानिसहरुको बस्तिबाट पनि अलग छ । हल्लाखल्ला पनि केही छैन । श्रमणधर्म पालन गर्न अति अनुकूल छ । ध्यान भावना पनि गर्न सकिन्छ। यहाँ बरोबर उपासक-उपासिकाहरु तपाईको दर्शन गर्न आइरहन्छन्, गइरहन्छन् । त्यसैले मेरो मनमा शान्ति छैन । तसर्थ त्यहाँ जानलाई तपाईको आज्ञा लिन आउँदै छु।"

बुद्धले विचार गर्नुभयो- यो मेघिय भिक्षु प्रव्रजित भएको धेरै भएको छैन । जाने-बुझेको पनि छैन । ध्यान भावनाको कुरा पनि थाहा छैन। मन चञ्चल नै छ। तालिम पुगेको छैन। यो भिक्षु जंगलमा गएर बस्न सक्ने छैन ।

यसरी विचार गर्नुभई उहाँले भन्नुभयो- मेघिय ! एक दुई दिन पर्ख, तिमी त्यहाँ गयौ भने म एक्लै हुनेछु। अरु भिक्षुहरु नआएसम्म तिमी जाने



Downloaded from http://www.dhamma.digital

कुरा नगर ।

दुई तीन दिनपछि फेरि मेघिय भिक्षुले बुद्धलाई भन्न आयो -

भन्ते ! तपाईको गर्नु पर्ने काम केही छैन, तपाईको उन्नति गर्न बाँकी पनि केही छैन । दमन गरिसकेको क्लेश फेरि उत्पन्न हुनेछैन । म त्यसो होइन । मैले धेरै काम गर्न बाँकी छ । म यो विहारमा बसेर केही उन्नति गर्न सक्नेछैन । तसर्थ आज्ञा दिनुहोस्, म आँपको बगैंचामा जान्छु । त्यहाँ गएर श्रमण धर्म पालन गरेर बस्छु । त्यहाँ केही पनि आरम्मण (राम्रो रुप, शब्द आदि) छैन ।

बुद्धले फेरि पनि उसलाई रोक्दै भन्नुभयो- पर्ख ! तिमी त्यहाँ गयौ भने म एक्लो हुनेछु, जाने कुरा नगर ।

Dhamma.Digital

तेस्रो पटक पनि त्यसरी नै बुद्धकहाँ आएर बिदा माग्न आउँदा उहाँले भन्नुभयो- मेघिय ! तिमी श्रमणधर्म पूरा गर्न जान्छु भनी ढिपी गर्देछौ । तिमीलाई केही भन्नु छैन । तिमीले हेरेर जस्तो गर्न मनलाग्यो, त्यस्तै गर्नु ।

भगवान् बुद्धको यो वचन सुनेर ऊ खुशी हुँदै, रमाउँदै बुद्धलाई वन्दना गरी तीन चोटि घुमेर त्यहाँबाट गयो । गएर आँपको बगैचामा एउटा



Downloaded from http://www.dhamma.digital

रुखमुनी आँखा चिम्लेर बस्यो । आँखा चिम्लेर बसे पनि उसको मनमा नाना प्रकारका कल्पना, तर्क वितर्क आइरह्यो । काम वितर्क, व्यापाद वितर्क, विहिंसा विर्तक आएर मन छट्पटिन थाल्यो ।

काम वितर्क- उसले घरमा बस्दा मोज गरेको कुरा सम्झ्यो । मिठो खाएको कुरा सम्झ्यो । बितिसकेको कुरा बारे तर्क वितर्क भयो । रुप, शब्द, गन्ध, रस र स्पर्शको कुरा बारम्बार आएर मनलाई गोलमाल गर्नुलाई काम वितर्क भनिन्छ ।

व्यापाद वितर्क- घरमा बस्दा फलानाले नमिठो ख्वायो, पक्षपात गऱ्यो, गुरुले पनि बाहिर जाने बेलामा सधैं फलानोलाई मात्र सँगै लानुभयो, मलाई लानु भएन । म मात्र शिष्य होइन र ? बुद्धले पनि तीन चोटि भनिसकेपछि मात्र यहाँ आउने आज्ञा दिनुभयो । यसरी कल्पना हुनुलाई व्यापाद (द्वेष) वितर्क भनिन्छ ।

विहिंसा वितर्क- मलाई यस्तो गऱ्यो, पख न ! बदला नलिई कहाँ छोड्छु र ! उसलाई त यस्तो होस्, त्यस्तो होस्, वाणले लागेर मरोस् आदि तर्क वितर्क हुनुलाई विहिंसा वितर्क भनिन्छ ।

यस्तो कल्पना मात्र आएर उसको मन त बालुवामा उम्रेको रुख झैं अकुशल चेतनाले छट्पटेर



Downloaded from http://www.dhamma.digital

बस्नुपऱ्यो, मन कमजोर बनाएर बस्नुपऱ्यो ।

मेघिय भिक्षुले विचार गऱ्यो- म घर र परिवार छोडेर प्रव्रजित भएको श्रद्धाले गर्दा हो, तै पनि मलाई नराम्रो कल्पनाले कायल बनायो । अव म यहाँ बसेर श्रमण धर्म पालन गर्न सक्ने छैन, ध्यान गर्ने त कहाँ हो कहाँ ! धिक्कार ! के भएको यो ?

भगवान् बुद्ध साँच्चै दूरदर्शी हुनुहुन्छ । यस्तै होला भनेर उहाँले मलाई तीन पल्टसम्म अनुमति नदिनुभएको रहेछ । अब उहाँको समिपमा गएर भएको सबै कुरा भन्नुपऱ्यो ।

यस्तो विचार गरी ऊ बुद्धकहाँ पुग्यो र भन्यो-

भन्ते ! म तपाईले नजाऊ भन्नुहुँदा पनि जिद्दि गरेर आँपको बगैचामा गएँ, रुखमुनी बसेँ, मलाई त के भयो के, केही थाहा भएन, मनमा अनेक अकुशल कल्पना मात्र आइरहयो । म साँच्चै श्रद्धा राखेर घर छोडी प्रव्रजित भएको थिएँ, थाहा छैन, कसरी मेरो मन अशुद्ध भयो, चञ्चल भयो ।

भगवान् बुद्धले उसलाई भन्नुभयो- मेघिय ! तिमीले ठूलो गल्ति गऱ्यौ । तिमीले गरेको गल्तिलाई सानो नसम्झनू । मैले तिमीलाई राम्ररी भनेको थिएँ, यहाँ अरु कोही छैन, मलाई एक्लो छोडेर नजानू भनेर । यस्तो भनेको नै तिम्रो ज्ञानले बुझेनौ ।



Downloaded from http://www.dhamma.digital

जंगलमा बसेर ज्ञान प्राप्त गर्न सक्दैन भन्ने जानेर नै यस्तो भनेको थिएं । त्यति साह्रो पनि मनमा आएजस्तै गरेर वस्नुहुँदैन । यो चित्त बाँदरसरी चञ्चल छ । पानीबाट बाहिर राखेको माछासरी यो चित्त छटपटिन सक्छ । चित्तलाई बलियो गरी समाउन सक्नुपर्छ । तिमीले सिक्न-बुझ्न नै पुगेको छैन ।

भिक्षु मेघियले आफ्नो गल्ति स्वीकार गर्‍यो । क्षमा माग्यो । आफ्नो जीवनलाई सुधार गरेर असल मान्छे बन्यो ।

ooo

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुद्धले निकालेका भिक्षुहरू

भगवान् बुद्ध श्रावस्तीको जेतवन विहारमा बसिरहनु हुँदाको घटना थियो ।

यसोज भन्ने भिक्षुले आफ्ना ५०० जना शिष्य भिक्षुहरुका साथ भगवान् बुद्धको दर्शन गर्न भनी श्रावस्ती आइपुगेका थिए । ५०० भिक्षुहरु जेतवन विहारमा आइपुग्दा आ-आफू सुत्ने ठाउँ मिलाउने र आवासीय भिक्षुहरुसँग कुरा गर्नेतिर लागे । सबैको शब्द आदिले गर्दा त्यहाँ ठूलो हल्ला भयो ।

ठूल्ठूलो स्वरले हल्ला गरिरहेको शब्द सुन्नुभएर भगवान् बुद्धले आफ्ना सेवक भिक्षु आनन्दलाई बोलाउनु भई सोध्नुभयो-

को यहाँ माछा मार्ने ठाउँमा पोडेहरु कराएझैं उच्च शब्द र महा शब्दले हल्ला गरिरहेका हुन् ? (के पनेते आनन्द ! उच्चासद्दा महासद्दा केवट्टा मञ्ञे मच्छं विलोपेन्ति ?)

आनन्दले भने- भन्ते ! यसोज भिक्षुका साथ भर्खरै प्रव्रजित भएका ५०० जना भिक्षुहरु सुत्ने ठाउँ खोज्दै र मिलाउँदै हल्ला मच्चाइरहेका हुन् ।

बुद्धले भन्नुभयो- आनन्द ! त्यसो भए उनीहरु सबैलाई मैले बोलाएको छु भनी यहाँ ल्याऊ ।



Downloaded from http://www.dhamma.digital

आनन्द भिक्षुले उनीहरु सबैलाई बोलाएर ल्याए ।

यसोज प्रमुख ५०० भिक्षुहरु बुद्धकहाँ आई वन्दना गरी एक छेऊमा बसे ।

भगवान् बुद्धले सोध्नुभयो- तिमीहरु उच्च शब्द महा शब्द गरी के हल्ला गरिरहेका हौ ?

यसोज भिक्षुले भने- भन्ते ! भर्खरै पहेंलो वस्त्र लगाएर प्रव्रजित भएका, केही नजानेका यी भिक्षुहरु तपाईको दर्शन गर्न भनी आएका छन् । पहिला सुत्ने ठाउँ नै मिलाउने तरखरमा कुरा गरिरहँदा ठूलो आवाज भयो ।

बुद्धले भन्नुभयो- तिमीहरु यहाँ नबस, निस्केर जाऊ । (गच्छथ भिक्खवे ! वो वणापेमि न वो मम सन्तिके वत्तब्बन्ति ।)

भगवान् बुद्धको आज्ञालाई सिरोपर गरी उहाँलाई वन्दना गरी उनीहरु वैशालीको वग्गुमुदा नदी किनारामा पुगे । त्यहाँ रुखका पातहरुको कुटी (पण्णकुटी) बनाएर बसे ।

त्यहाँ यसोज भिक्षुले आफ्ना सबै शिष्यहरुलाई भेला पारेर भने -

भगवान् बुद्धले हामीहरुलाई निकालेर ल्याएको हाम्रै हित र कल्याणको लागि हो । हाम्रो व्यवहार राम्रो भएन । त्यसैले बुद्ध हामी देखी अप्रशन्न हुनु भयो । अब हामी सबै यहाँ बसेर व्यवहार राम्रो



Downloaded from http://www.dhamma.digital

बनाई शिक्षित हुनुपर्‍यो। अनि हामी देखी बुद्ध प्रशन्न हुनुहुनेछ।

यसोज भिक्षुको उपदेश अनुसार सबै भिक्षुहरु अप्रमादी र उत्साही भई अकुशल चेतनालाई दमन गरी राम्ररी शील पालन गरी बसे। यसरी आचरण शुद्ध गरी धेरै समय बित्न नपाउँदै तिनीहरु तीन विद्याले पारंगत भई दु:खमुक्त भए।

भगवान् बुद्ध श्रावस्तीबाट वैशाली आउनु भयो। उहाँले ती सबै भिक्षुहरु पहिलाभैं होइन, शिक्षित र ज्ञानी भइसके भन्ने कुरा जानेर साह्रै प्रशन्न हुनुभयो।

उहाँले आनन्द भिक्षुलाई भन्नुभयो-आनन्द ! मलाई त यहाँ झलमल्ल उज्यालो आएसरी भइरहेको छ। आनन्द ! वग्गुमुदा नदी किनारामा बसिरहेका भिक्षुहरुलाई बोलाउन पठाई यसरी पनि भन्न पठाऊ कि भगवान् बुद्धलाई तिमीहरुको दर्शन गर्ने इच्छा भइरहेको छ। (सत्था आयस्मन्ते आमन्तेति, सत्था आयस्मन्तानं दस्सनकामोति।)

भगवान् बुद्धको वचन सुनेर आनन्द भिक्षुले एक जना भिक्षुलाई दूतका रुपका वग्गुमुदा नदी किनारामा जहाँ यसोज प्रमुख भिक्षुहरु थिए, त्यहाँ पठाए। त्यो भिक्षु त्यहाँ गएर सबै भिक्षुहरुलाई बोलाएर ल्याए।

त्यस बेला भगवान् बुद्ध चतुर्थ ध्यान भन्ने



Downloaded from http://www.dhamma.digital

समाधीमा बस्नुभयो । ती आगन्तुक भिक्षुहरु पनि त्यहाँ पुगेर समाधीमा बसे ।

रातमा आनन्द भिक्षु भगवान् बुद्धकहाँ पुगेर भन्न गए-भन्ते ! तपाईले बोलाउन पठाउनु भएका ती भिक्षुहरु आइरहेको धेरै बेर भइसक्यो, आगन्तुक भिक्षुहरुसँग कुरा गर्न जानुहोस् ।

भगवान् बुद्धले केही पनि बोल्नु भएन ।

फेरि मध्यरातको दुई बजेतिर चीवर एकांश गरी आनन्द भिक्षु उहाँलाई वन्दना गरी विन्ति गर्न आए- भन्ते ! आगन्तुक भिक्षुहरु आइराखेको निकै बेर भइसक्यो । उनीहरुसँग कुरा गर्न जानुहोस् ।

फेरि बिहानतिर आनन्द भिक्षु उहाँको समिपमा पुगेर वन्दना गरी भने- भन्ते ! बाहिर आगन्तुक भिक्षुहरु आइरहेको निकै बेर भइसक्यो, ती आगन्तुक भिक्षुहरुसँग कुरा गर्न जानुहोस् ।

अनि भगवान् बुद्धले भन्नुभयो- आनन्द ! तिमीलाई त्यति पनि थाहा छैन, म र ती भिक्षुहरु समाधीमा बसिरहेका छौं भनी । ती भिक्षुहरुको सहनशक्ति अब पहिलाजस्तो होइन । उनीहरु ठिक ठाउँमा आइसकेको छ । मैले परीक्षा लिइसकें । उनीहरु पास भयो ।

ooo



Downloaded from http://www.dhamma.digital

# ब्राह्मणको अवबोध

भगवान् बुद्ध श्रावस्तीस्थित जेतवन विहारमा बसिरहनु भएको बेलाको घटना थियो । भगवान् बुद्ध र भिक्षुहरुलाई चाहिनेसम्म पूरा गरिदिन तयार अनाथपिण्डिक महाजन थियो । ती महाजनका दासदासीहरु धेरै थिए भन्ने कुरा पालि साहित्यमा उल्लेख छ । ती दासीहरुमध्ये पूर्णिका भन्ने एक जना दासी पनि थिइन् ।

पूर्णिका दासी एक दिन जाडो महिनामा बिहानै गाग्रो लिएर खोलामा पानी लिन गइन् । त्यसबेला खोलामा एकजना ब्राह्मण थुरथुर काँपेर जाडोमा खोलाको पानीले नुहाइरहेको थियो ।

त्यो देखेर पूर्णिकाले सोधिन्- हे ब्राह्मण बाजे ! म त मेरो मालिकहरुले गाली गर्ने, पिट्ने भयले जाडो नभनी पानी लिन आइरहेको छु, तपाईलाई के को भय छ ? किन बिहानै थुरथुर काँपेर चिसोमा नुहाउँदै हुनुहुन्छ ?

ब्राह्मणले भन्यो- कस्ती आइमाई हौ तिमी ! तिमीलाई त्यति पनि थाहा छैन र ? यसरी बिहानै



Downloaded from http://www.dhamma.digital

खोलामा नुहायो भने पाप कटेर जान्छ। मैले पापकर्म गरेको छु। त्यो पाप पानीले बगाएर लान्छ। त्यसैले धर्म गरिरहेको नि।

पूर्णिकाले भनिन्- बाजे ! साँच्चै पानीमा नुहाएर पाप कट्ने भए पानीमा बस्ने माछा, कछुवा, भ्यागुता, सर्प, गोहि आदि प्राणीहरु सबै धर्मात्मा हुने थिए। ती सबै सिधैं स्वर्ग जाने थिए। फेरि पानीले पाप बगाएर लाने भए धर्म पनि त बगाएर लान्छ नि। त्यसो भए बाजेमा धर्म पनि छैन, पाप पनि छैन। बाजे ! अब पनि समय छ, पाप कर्म हटाउन मन शुद्ध गर्नुपर्छ। पहिला जस्तो पाप कर्म गर्नु हुँदैन। मन कञ्जुसी बनाउनु हुँदैन। आफू मात्र राम्रो हुने स्वार्थी विचार गर्नुहुँदैन।

ब्राह्मण बाजे केही समय टोलाएर बस्यो। उसले विचार गर्‍यो- साँच्चै हो, पानीले पाप बगाएर लान्छ भने धर्म पनि बगाएर लान्छ। पानीमा नुहाएर स्वर्ग जाने भए पानीमै प्राणीहरु पनि स्वर्गमा पुग्ने भयो। मन नै शुद्ध गर्नुपर्ने रहेछ। मेरो मन नै शुद्ध भएको छैन, ममा धेरै लोभ बाँकी छ। जति भए पनि नपुग्ने बानी छ। अरुको लिने मात्र चित्त छ।

फेरि तिनले भनिन्- बाजे ! अझै पनि समय छ राम्रो ठाउँमा पुग्न सक्छ।



Downloaded from http://www.dhamma.digital

उसले तिनलाई सोध्यो- हे बहिनी ! तिमीले यस्तो कुरा कसरी जानेको हो ? तिमीले कहाँबाट यस्तो कुरा थाहापाएको हो ?

पूर्णिकाले भनिन्- हाम्रो मालिकको घरमा दिनका दिन जसो भगवान् बुद्ध आउनु हुन्छ, उपदेश दिनुहुन्छ । त्यो कथा सुन्दा सजिलै नै धर्म गर्नुहुन्छ, शरीरलाई दु :ख दिएर बस्नुपर्दैन । जे गरे पनि मैत्री चित्त भित्रैदेखि श्रद्धा राखेर काम गर्ने, कुरा गर्ने, छलकपटको कल्पना नगर्ने । मन शुद्ध नभई धर्म लाग्दैन । आफ्नो काम कुराले नै आफू शुद्ध र अशुद्ध हुने हो ।

ब्राह्मण बाजेले फेरि एकपटक विचार गऱ्यो- भगवान् बुद्धको कुरा सुन्नु हुँदैन भनेको त होइन रहेछ । त्यस्ता अनाथपिण्डिकका दासीले पनि त्यसरी कुरा बुझेर भन्न जान्छ । साँच्चै राम्रो र सजिलो धर्म हो । मन शुद्ध गरे पुग्छ ।

फेरि पूर्णिकालाई सोध्यो- हे बहिनी ! तिम्रो भगवान् बुद्धको धर्ममा भोकै पनि बस्नु पर्दैन ?

तिनले जवाफ दिइन्- बाजे ! यसमा भोकै बस्नुपर्छ भन्ने छैन । यो गर्नुपर्छ, त्यो गर्नुपर्छ भन्ने नातिकुटी पनि छैन । यसमा कुनै अन्धविश्वास छैन । मन कपटी एउटा भने हुनहुँदैन ।



Downloaded from http://www.dhamma.digital

ब्राह्मणले भन्यो- हे बहिनी ! तिमीले मलाई ब्युँझाइदियो, मलाई राम्रो बाटो देखाइदियो । बुद्ध धर्म त्यति राम्रो र सजिलो भन्ने थाहा थिएन । बुद्धको कथा सुन्नु हुँदैन भनी हाम्रो बाउ बाजेले सुनाइ राख्यो । त्यसो होइन रहेछ । तिमीलाई दिने कुरा मसँग केही छैन, यही मेरो धोती एउटा भए पनि लेऊ ।

पूर्णिकाले भनिन्- मलाई त्यो धोती चाहिँदैन । मलाई मान्छौ भने भोलिदेखि नै भगवान् बुद्धकहाँ उपदेश सुनेर आफ्नो बानिव्यहोरा राम्रो बनाउनु होस् । यही नै मात्र कल्याण हुन्छ । राम्ररी बुझ्नुपर्छ । कसैको लहलहैमा लाग्नु हुदैन ।

पूर्णिकाको कुरा सुनेर ब्राह्मण बाजेले खोलामा नुहाएर पाप कटेर जान्छ भन्ने विश्वासलाई छोडि दियो । परिवार सबै बुद्धकहाँ गएर कथा सुन्न गयो । बुद्धको राम्रो र व्यवहारिक उपदेश सुनेर, बुझेर, व्यवहारमा पालन गरेर आनन्दले जीवन बिताउन थाल्यो । जे पनि विवेक बुद्धि पुऱ्याएर काम कुरा गर्न थाल्यो ।

ooo



Downloaded from http://www.dhamma.digital

# वंगीशको अवबोध

वंगीश भन्ने एकजना ब्राह्मण थियो । ऊ साह्रै विद्वान्, त्रिवेद पारंगत थियो । वंगदेशमा जन्मेको कारणले उसको नाम वंगीश रहन गएको थियो ।

वंगीशले एउटा विद्या सिकेको थियो । त्यो कुन विद्या थियो ?

त्यो विद्या थियो- मरिसकेका मानिसहरुको टाउको हेरेर, टकटक गरेर त्यो मानिस फलानो ठाउँमा जन्म लिन गयो भन्न सक्ने विद्या ।

उसको चमत्कार देखेर सामान्य मानिसहरु असाध्यै प्रभावित थिए । वंगीशले मानिसहरुको टाउको हेर्दा सय देखि हजारसम्मको फिस लिने गर्दथ्यो ।यो कामले गर्दा वंगीशलाई जहाँ गए पनि मान्दथे । उसका साथीहरुलाई समेत सम्मान गर्दथे ।

वंगीशका साथीहरुको काम थियो शहर शहर घुमेर वंगीशको चमत्कार बारे प्रचार गर्न जाने । अनि मानिसहरु धेरै जम्मा भयो भने वंगीश त्यहाँ पुग्दथ्यो । पहिल्यै प्रचार गरिसकेको भएर मानिसहरु बस्ने ठाउँ समेतल हुँदैनथ्यो । सबैतिर वंगीश आयो,



Downloaded from http://www.dhamma.digital

जाउँ जाउँ चमत्कार हेर्न जाउँ भन्थे ।

वंगीशका साथीहरुले भन्दथे- भो सज्जनहरु ! मरेर फेरि कहा्ँ जन्म लिन गयो भन्ने कुरा जान्ने वंगीश यहाँ आउनुभएको छ ।उनले सबै कुरा जान्दछ, सर्वज्ञ हुनुहुन्छ ।

यसरी तीन वर्षसम्म केही नजानेका जनताहरुलाई ठगेर कमाई गरिराख्यो उनीहरुले ।

यसरी शहर शहरमा जाने क्रममा उनीहरु श्रावस्तीमा आइपुगे । त्यहाँ पनि वंगीशका साथीहरुले चमत्कारका बारे प्रचार गर्न थाले । तर श्रावस्तीका जनताहरुले वास्ता गरेनन् । किनभने त्यहाँका मानिसहरु भगवान् बुद्धको उपदेश सुनेर अन्धविश्वासबाट अलग्ग भइसकेका थिए ।बुद्धको उपदेशले पूर्णतः मन बलियो भइसकेका थिए ।

मानिसहरु समूह समूह भएर हातमा फूल, धूप, दीप आदि समातेर बाटोमा गइरहेका थिए । वंगीशले सोध्यो- उनीहरु कहाँ गइराखेको हुन् ?

एक जना साथीले नाक खुम्चाउँदै भन्यो- भगवान् बुद्धकहाँ जान लागेको नि ।

वंगीशले सोध्यो- किन ?

अर्कोले भन्यो- कथा सुन्नलाई होला नि ।

अर्को साथीले थप्यो- सबै पागल भयो, कसैले



Downloaded from http://www.dhamma.digital

हाम्रो कुरा सुनेनन् ।

अर्कोले पनि भन्यो- मैले हेर्दा त गौतम बुद्ध पनि चमत्कार देखाउन जान्ने होला । नत्र त मानिसहरु के भनेर त्यहाँ जान्छन्, कथामात्र सुनेर मानिसहरु त्यहाँ कसरी भुल्न सक्छन् र ?

वंगीशले आश्चर्य व्यक्त गऱ्यो- अहो ! चमत्कार देखाउन सक्ने ?

एकजनाले भन्यो- अवश्य पनि त्यहाँ केही न केही एउटा छ, अन्यथा मनिसहरु त्यहाँ किन भुल्थे र ?

वंगीश केही बेर झोक्राएर बस्यो । सबै लाटो जस्तै भइरह्यो ।

वंगीशले लामो श्वास फेर्दै भन्यो- साथीहरु ! म पनि बुद्धकहाँ जान्छु । हेरुँ न, मानिसहरु त्यतिधेरै किन त्यहाँमात्र भुलेर बसेका रहेछन् ।

यो कुरा सुनेर उसका साथीहरुको मन त्यति उज्यालो थिएन ।

वंगीश साथीहरुलाई लिएर भगवान् बुद्धकहाँ गयो । भगवान् बुद्धले पहिला नै थाहापाउनु भयो, वंगीश त्यहाँ आउँदैछ भनी । यो कुरा जान्नुभएकोले उहाँले साधारण मानिसहरुको हाडमात्र बाँकी भएको टाउको चार वटा र अर्हत् भइसकेको एक जनाको



Downloaded from http://www.dhamma.digital

टाउको त्यहाँ अगाडि लाइनै राखिराख्यो ।

वंगीश त्यहाँ आइपुग्यो । भिक्षुसंघ भेला भइराखेको देख्यो । गौतम बुद्धको अगाडि मानिसहरुको टाउको लाइनै राखिराखेको पो देख्यो । उसको अनुहार उज्यालो भयो । खुशी भयो । उसका साथीहरु पनि मुसुमुसु हाँस्न थाल्यो ।

उनीहरुमा कुरा भयो- आज भने आम्दानी र लाभ हुने भयो । वंगीशले चमत्कार देखायो भने हाम्रो पेशा राम्रो हुने भयो । मानिसहरु पनि मन फर्काएर आउने भयो ।

वंगीश भगवान् बुद्धको अगाडि बसिरह्यो ।

बुद्धले भन्नुभयो- हे वंगीश ! यी मानिसहरुको टाउका हेरेर भन, यिनीहरुले कहाँ पुनर्जन्म लिन गए ?

गौतम ! अवश्य भन्नेछु, धन्दा मान्नु पर्दैन भन्दै नाक फुलाएर घमण्डका साथ भन्यो ।

बुद्धले भन्नुभयो- वंगीश ! ल ल, भनेर ल्याऊ ।

वंगीश टाउको ठाडो पारेर बुद्धको अगाडि आयो । उसका साथीहरु पनि मुस्कुराउँदै चारैतिर घमण्डी स्वभावले हेरिरहे । वंगीशले मानिसको हाडमात्र भएको टाउको उठायो, घुमायो, टकटक



Downloaded from http://www.dhamma.digital

गऱ्यो अनि चारवटा टाउको कहाँ जन्म लिन गए, त्यो कुरा पनि भन्यो ।

वंगीशका साथीहरु खुशी हुँदै ताली बजाएर कराउन थाले- वंगीश ! खुब गऱ्यो । श्याबास ! श्याबास !

त्यहाँ भेला भएका मानिसहरु अचम्भित भइरहे । भगवान् बुद्ध मुसुमुसु हाँसेर बस्नुभयो ।

वंगीशले सबैभन्दा पछाडिको पाँचौं हाडरुपी टाउको हातमा लियो । त्यसलाई पल्टायो, टकटक गऱ्यो तर उसले बोल्न सकेन । कहाँ जन्म लिन गए, त्यो कुरा भन्न सकेन ।

साथीहरुलाई रिस उठ्यो । अनुहार अँध्यारो भयो । उनीहरुको विचार थियो, पहिलाको झैं तुरुन्तै भन्नेछ । तर वंगीश अनुहार मात्र रातो बनाएर बोल्न सकेन ।

साथीहरुले वंगीशलाई चिमोतेर भन्न थाले- चाँडै भन, इज्जत जान लाग्यो ।

भगवान् बुद्धले बिस्तारै बोलाउनुभयो- वंगीश !

वंगीशले केही बोलेन । उसका साथीहरु उसलाई देखेर रिसले चूर हुँदै टाउको निहुराएर बसे । मनमनै भनिरह्यो- यसलाई यहीं कुटेर जानुपऱ्यो कि क्या



Downloaded from http://www.dhamma.digital

हो । यसले गर्दा अपमान भयो ।

वंगीशले धेरै प्रयास गऱ्यो । निधारमा चित्चित् पसिना निकाल्यो ।

भगवान् बुद्धले शान्त स्वरमा भन्नुभयो- वंगीश ! थाक्यो कि क्या हो ?

उसले भन्यो- थाकेको छैन, प्रयास गर्दैछु ।

बुद्धले भन्नुभयो-वंगीश ! अब केही थाहा पाउन सक्यौ ? यो मानिस कहाँ जन्म लिन गयो भन्ने बारे ?

वंगीशले त्यो टाउको ओल्टाइ पोल्टाइ हेऱ्यो तर केही भन्न सकेन । दिक्क भयो । निराश भई भन्यो- भन्ते ! मैले भन्न सकेन ।

बुद्धले भन्नुभयो- वंगीश ! तिमीले भन्न सक्ने छैनौ । यो टाउको अर्हत् भइसकेको व्यक्तिको हो ।

वंगीशले भन्यो- भन्ते ! यसलाई जान्न सक्ने मन्त्र मलाई पनि दिनुहोस् ।

अनि वंगीशका साथीहरुको टाउको नयाँ बुहारीको झैं तल निहुरियो । यताउता हेर्न सकेनन् ।

वंगीश भने भगवान् बुद्धको शिष्य झैं भएर नजिकै गएर बस्यो ।

भगवान् बुद्धले भन्नुभयो-वंगीश ! तिमी भिक्षु



Downloaded from http://www.dhamma.digital

हुने भए, पुरानो विश्वास छोडेर पठाउने भए तिमीलाई मन्त्र सिकाउनेछु ।

उसले सोध्यो- त्यो किन भन्ते ?

बुद्धले भन्नुभयो- भिक्षु भयो भने मात्र तिमीले यो कुरा जान्न सक्नेछौ ।

उसले भन्यो- त्यसो हो भने म भिक्षु हुन तयार छु, भन्ते !

वंगीशले विचार गऱ्यो, प्रव्रजित भएपछि भगवान् बुद्धले मन्त्र सिकाउनु हुनेछ । सर्वज्ञ बन्नेछ । अनि चारैतिर घुम्न जानेछु, धेरै धन कमाउनेछु । साथीहरु पनि खुशी हुनेछ । व्यापार पनि चम्कने छ ।

वंगीश भिक्षु भयो । अध्ययन गऱ्यो बुझिसकेपछि उसले विचार गऱ्यो-

अहो ! म कस्तो कुविद्या र नराम्रो बाटोमा परेको थिएँ, मानिसहरुलाई ठग्ने किसिमको । अब वल्ल ठिक बाटोमा परें । कस्तो अन्धविश्वासमा परेको । अब भने जाने जन्म मरणको रहस्य । तृष्णाले गर्दा संसारमा आवागमन भइराखेको रहेछ ।

यति कुरा जानेर वंगीश दुःखमुक्त अरहन्त भयो, निर्दोष बन्यो ।

ooo



Downloaded from http://www.dhamma.digital

# आत्महत्या गर्न खोज्नेको विवेक बुद्धि

ओक्कली श्रावस्तीमा जन्म भएको एक ब्राह्मण कुलका व्यक्ति थियो । ऊ धेरै विद्वान भएभैं हट्टाकट्ठा थियो । रुप पनि सार्है राम्रो थियो ।

एकदिनको कुरा थियो । श्रावस्तीमा भगवान् बुद्ध भिक्षा आउनुभयो । घरदैलोमा पांत्र लिएर भिक्षा आउनुभएका बुद्धतिर ओक्कलीको मन गयो । बिस्तारै भगवान् बुद्धको नजिकै गएर हेर्न गयो । अनुहार एक पटक राम्ररी नियाल्यो । अनुहार हेर्दै मन भरेन ।

भगवान् बुद्ध भिक्षा सकिसकेपछि जेतवन विहारमा फर्किनुभयो ।

ओक्कलीको मनमा कुरा चल्यो- आज एकपटक मात्र बुद्धको अनुहार देख्दा पनि मन कति आनन्द भयो । भन् सधैं अनुहार हेरेर बस्न पाए कति मात्र आनन्द हुने हो । मलाई राम्रो भन्छन् मानिसहरुले । बुद्धको सामुन्ने म त केन के हो ।

कसरी मात्र बुद्धको अनुहार राम्रो भएको हो ? कति तेज भएको अनुहार ! सधैं सँगै बस्न पाए दिनभरि उहाँको अनुहार हेरेर बस्न पाइने हो । अनि कतिमात्र मन आनन्द हुने हो । भयो, अब त उहाँको



Downloaded from http://www.dhamma.digital

अनुहार हेरेर बस्न भिक्षु नै हुन जानुपऱ्यो ।

ऊ सरासर बुद्धकहाँ पुग्यो । बुद्धलाई सादर वन्दना गरी एक छेऊमा बस्यो । सुख दुःखको कुरा गरिसकेपछि आफ्नो मनको कुरा भन्यो ।

बुद्धले ओक्कलिको अनुहार हेर्नभइसकेपछि विचार गर्नुभयो- बुद्धिवान् त हो, तर विस्तारै मात्र कुरालाई बुझेर लिनेछ ।

उहाँले सोध्नुभयो - के तिमी भिक्षु हुने हो त ?

उसले भन्यो- भन्ते ! भिक्षु हुन्छु भनी आएको छु, कृपा राख्नुहोस् ।

भगवान् बुद्धले उसलाई भिक्षु बनाइदिनु भयो । ऊ भिक्षु भएदेखि भगवान् बुद्धको अगाडि मात्र बसिराख्थ्यो । कहिं कतै जाँदैनथ्यो । एक दुई पटक त बाधा पनि हुन्थ्यो । उसको अरु काम पनि के थियो र ? भिक्षु भएको नै भगवान् बुद्धको अनुहार मात्र हेर्नको लागि थियो । दिनका दिन बुद्धको अनुहार हेरेर मक्ख।हुन्थ्यो, खुशी थियो ऊ ।

बुद्धले विचार गर्नुभयो- अनुहार हेर्ने लोभमा भिक्षु हुन आएको, कुरा राम्ररी बुझेको छैन, ज्ञान पक्का भएको छैन । अहिले केही भन्यो कि चित्त दुखाउने छ । पख न; उसलाई पछि बिस्तारै बुझाउने छु ।

केही महिनापछि ज्ञान अलि भएर आएपछि उसलाई



Downloaded from http://www.dhamma.digital

बोलाउनुभई बुद्धले भन्नुभयो- ए ओक्कली ! तिमी मलाई मात्र किन हेरेर बसेको ?

उसले भन्यो-भन्ते !तपाईको अनुहार मात्र देखेर पनि मन आनन्दित हुन्छ ।

बुद्धले सम्झाउनु भयो- ओक्कली ! यो मेरो शरीरमा के नै पो छ र ! तिम्रो शरीर र मेरो शरीर के नै पो फरक छ र ? पेटमा मल-मुत्रले भरिएकै छ । यस्तो अनित्य शरीर हेरेर तिमीलाई के लाभ हुन्छ ? धर्मलाई हेर अनि मलाई देखेको हुन्छ । वर्तमान अवस्थालाई पहिचान गर ।

ओक्कलीले एक पटक भुइँमा हेऱ्यो फेरि एकपटक आकाशतिर हेऱ्यो । चित्त दुखाएर निन्याउरो अनुहार गरी बस्यो ।

दिन बित्दै गयो । ओक्कली पहिलाझैं बुद्धको अनुहार हेरेर नबसे पनि अगाडिको ठाउँ छोड्न सकेन, बुद्धको मायाले बाँधिराख्यो ।

एक दिन भिक्षुहरु धेरै भेला भएर बुद्धकहाँ आए । ओक्कली पनि अगाडि बसेर बुद्धको अनुहार मात्र हेरेर बस्यो ।

बुद्धले बिचार गर्नुभयो- यो ओक्कली भिक्षु मेरो रुप मात्र देखी मोहित भयो । यसलाई आज त राम्ररी भन्नैपऱ्यो ।



Downloaded from http://www.dhamma.digital

बुद्धले भन्नुभयो- ओक्कली ! तिमी यहाँ नबस, बाहिर जाऊ ।

ओक्कली भिक्षु चल्दै नचली बसिरहयो ।

भगवान् बुद्धले फेरि भन्नुभयो- ओक्कली ! त्यो ठाउँ छोडेर जाऊ ।

ओक्कलीको निधारमा पसिना आउन थाल्यो ।

बुद्धले फेरि भन्नुभयो- ओक्कली ! उठेर जाऊ ।

भिक्षुहरुले ओक्कलीलाई आँखमा टन्काई टन्काई हेर्न थाले । ओक्कलीको अनुहार निन्याउरो भयो । उसलाई सार्है नरमाइलो लाग्यो । उसको मनले भन्यो- अब भने बुद्धले मलाई यहाँ राख्ने छैन । मसँग कुरा गर्ने छैन । म यहाँ बस्नुको के अर्थ रहयो र ? बुद्धको अनुहार हेरेर बस्नको लागि भिक्षु भएको हुँ । अब उहाँको अनुहार नहेरी बाँच्न पनि मन लागेन । आत्महत्या गरेर मर्नु नै जाति हो ।

उसले मर्ने नै निश्चय गर्‍यो । ऊ सरासर गृद्धकुट पर्वतको टुप्पामा पुग्यो । त्यहाँबाट तल घनघोर जंगलमा हाम्फालेर मर्ने विचार गर्‍यो । ठिक त्यस्तै बेला उसलाई बुद्धको सम्झना आयो । बुद्धले भन्नुभएको कुरा फेरि एकपटक विचार गर्‍यो, बुद्धको अनुहार मात्र हेरेर केही पनि लाभ हुनेछैन, धर्मलाई देखेमा मात्र लाभ हुनेछ, वर्तमान अवस्थालाई पहिचान गर



Downloaded from http://www.dhamma.digital

भन्नुभएको साँच्चै ठिक हो। म कस्तो बुद्ध कि बुद्धको अनुहार मात्र हेरेर बस्ने। अब अनुहार हेर्न नपाइने भयो भनी आत्महत्या गर्न आए। के भएको मलाई ? मेरो बुद्धि कहाँ गयो ? के गर्नको लागि त्रिवेदले पारंगत हुने गरी पढिराखेको मैले ?

उसले खुब विवेक बुद्धि लगाएर विचार गऱ्यो, वास्तविक कुरालाई बुझ्यो अनि आफ्नो मनलाई संयमित गरेर ज्ञान लाभ गऱ्यो।

ओक्कली भगवान् बुद्धकहाँ पुगी वन्दना गरी एक छेऊमा बस्यो। भगवान् बुद्धले देख्नुभयो,ओक्कली अब पहिलाको होइन। उसको संस्कार र मन बदलिसकेको छ। उसले मलाई हेरेर बसिरहने र पहिलाको जस्तो मोह गर्ने छैन। श्रद्धाको दृष्टिले हेरिरहेको छ।

भगवान् बुद्धले सोध्नुभयो- ओक्कली ! कस्तो छ त ? सञ्चै छ ?

उसले भन्यो- भन्ते ! मलाई राम्रो छ, सञ्चै छ, मन पनि आनन्दित छ।

बुद्धले सोध्नुभयो- किन त ?

उसले जवाफ दियो - भन्ते ! म पहिलाझै मोहमा परेन। राम्रोमा आसक्त भएर बसेको पहिला म, अब त्यस्तो छैन।



Downloaded from http://www.dhamma.digital

बुद्धले उसलाई भन्नुभयो- साधु ! साधु ! हे ओक्कली ! तिमीले जानिलियौ । नैष्क्रम्य बलियो बनाउनु पर्छ । संसार अनित्य हो । बेहोश भएर बस्नु हुँदैन । उत्साही र वर्तमान अवस्थालाई यथार्थ बोध गर्नुपर्छ ।

भगवान् बुद्धको उपदेश सुनेर अन्तमा उसले अर्हत्फल प्राप्त गऱ्यो । ऊ सम्पूर्ण दुःखबाट मुक्त भयो । उसको जीवन धन्य भयो ।

ooo

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# चित्र गृहपतिको विवेक बुद्धि

चित्र गृहपति एकजना बुद्धकालका विद्वान्, भिक्षुहरुलाई समेत उपदेश दिने र बुद्धधर्म बुझाउन सक्ने उपासक थियो । त्यो उपासकको जीवनी पढ्दै जाँदा बुद्धका शिष्य श्रावकहरुको उपदेश सुनेर पनि मार्गफल प्राप्त गर्न सकिन्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

उसले पञ्चभद्रवर्गीयमध्ये महानाम भन्ने भिक्षुको पहिलो दर्शन र उहाँको उपदेशले स्रोतापत्तिफल लाभ गरेर लिएको थियो । ३० वर्षसम्म भगवान् बुद्धको दर्शन नगरी अनागामी लाभ गरेर बसेको थियो ।

गजबको कुरा त यो थियो कि चित्र गृहपति मार्गफल लाभ गरेर पनि ऋद्धि चमत्कार हेर्ने आफ्नो बानी छोड्न सकेको थिएन । ऊ एकजना असाध्यै ऋद्धि भक्ति थियो ।

चित्र गृहपति बसिरहेको ठाउँलाई मच्छिकासण्ड भनिन्छ ।त्यहाँ जो भिक्षु आएता पनि चित्र गृहपतिले प्रार्थना गर्दथ्यो- भो भन्ते ! मलाई ऋद्धि वा चमत्कार हेर्ने ठूलो इच्छा भइराखेको छ । ऋद्धि एकपटक देखाउनु होस् ।



Downloaded from http://www.dhamma.digital

स्वयं महानाम महास्थविर सँग पनि ऋद्धि देखाउनु होस् भनी प्रार्थना गर्दा उहाँ छोडेर हिँड्नु भएको थियो ।

त्यसपछि महक भन्ने एक जना भिक्षु आउनु भयो । चित्र गृहपति उपासकले उसलाई पनि प्रार्थना गऱ्यो-ऋद्धि एक पटक देखाउनु होस् ।

दुई तीन पटक सम्म पनि प्रार्थना गरिरह्यो । धेरै नै आग्रह गरिराखेको कारणले महक भिक्षुले भने-त्यसो भए यो चिवरलाई भुइँमा राखी त्यसमाथि परालको थुप्रो राखिदेऊ ।

आफू कोठाभित्र गएर ढोका लगाई चुकुल राखे । त्यहाँ प्वालबाट आगो झिलिक्क बलेजस्तो देखाई चीवरमाथिको सबै पराल बालेर भष्म गरिदिए । यति भएर पनि चीवरमा आगोले छोएको थिएन ।

महक भिक्षु कोठाबाट बाहिर आउनु भएर सोधे-चित्र गृहपति ! अब तृप्त हुने गरी ऋद्धि हेरिसक्यो होइन ? कस्तो लाग्यो त ?

भन्ते ! तृप्त हुने गरी ऋद्धि हेरिसके, तपाई साँच्चै नै महापुरुष हुनुहुन्छ । तपाई जिन्दगिभर यही नै बस्नुहोस् । म तपाईलाई चाहिएसम्मको सबै पूरा गरेर सेवा गर्नेछु ।

महक भिक्षु पनि अब यहाँ बसेर ठिक हुने छैन



Downloaded from http://www.dhamma.digital

भन्ने विचार गरी त्यहाँबाट सुटुक्क हिँडे ।

चित्र गृहपतिको इसिदत्त भन्ने एकजना साथी थियो। ऊ पनि भिक्षु भएर धेरै वर्ष पछि मच्छिकासण्डमा आइपुग्यो । चित्र गृहपतिले उसलाई राम्ररी चिन्न सकेन ।उसको मनमा मात्र लागिरह्यो- यी भिक्षु मेरो साथी इसिदत्तझैं देखिन्छ ।

उसले सिधै सोध्न पनि सकेन। अनि कुरै कुरामा उसले कुरालाई यसरी सोध्यो- इसिदत्त भन्ने मेरो एकजना साथी छ। उनी अहिले कहाँ छन्, तपाईलाई थाहा छ ?

उनले जवाफ दिए- मलाई थाहा छ ।

तपाई नै हो कि क्या हो ?

उनले केही नबोले पछि उनी आफ्नै साथी हो भन्ने कुरा उसले थाहा पाए। अनि उनलाई खुब मान सम्मान गऱ्यो । इसिदत्त भिक्षुलाई पनि उसले प्रार्थना गऱ्यो-केहि ऋद्धि हेर्न पाए हुन्थ्यो ?

उनले चित्र गृहपतिको प्रार्थनालाई स्वीकार गरी केही न केही ऋद्धि देखाइदियो । तर त्यो ठाउँ चाँडै छोडेर गएपछि फेरि उनी त्यहाँ पाइला हाल्न आएनन् ।

यसरी भिक्षुहरु त्यो ठाउँ छोडेर गएको किन हो भने ऋद्धि भनेको जुनै समयमा देखाउनु हुँदैन । ऋद्धि



Downloaded from http://www.dhamma.digital

देखाउनका लागि भिक्षु जीवन होइन । ऋद्धि देखाउदैहिँड्यो भने जहिले पनि मानिसहरु धेरै भेला गराएर बस्नुपर्ने हुन्छ । त्यसैले भिक्षुहरुलाई ऋद्धि हेर्छु भनी प्रार्थना गर्दा त्यो ठाउँ छोडेर जाने गर्थे।

एक दिनको कुरा थियो । भिक्षुहरुको समूहमा छलफल चल्न थाल्यो- रुपलाई आँखा बन्धन हो कि आँखालाई रुप बन्धन हो ?

भिक्षुहरु दुई समूह भए । एक समूहले भन्न थाले- आँखाले रुप देखेर मन बिग्रिन्छ ।

यस विषयमा यही नै हो भनेर निर्णय हुन सकेन ।

चित्र गृहपतिले यो कुरा सुनिराख्यो । उसको मनमा लाग्यो- यति कुरा पनि निर्णय गर्न नसकेका भिक्षुहरु ! म अहिल्यै गएर कुरालाई स्पष्ट गरिदिन्छु ।

ऊ सरासर भन्तेहरुको सामुन्ने गयो । भन्तेहरुलाई वन्दना गरी प्रार्थना गऱ्यो- भन्ते ! यहाँहरुको वाद विवाद भइराखेको बारे मैले एउटा कुरा भन्न सक्छु ?

भिक्षुहरु भने- भनेको भए भइहाल्छ नि ।

त्यसो भए, भन्ते ! सुन्नुहोस् । भनौ कि सेतो एउटा गोरु र कालो एउटा गोरु समातेर दुबैजनाको



Downloaded from http://www.dhamma.digital

घाँटीमा डोरीले बाँधेर छोडिदियो भने दुइटैमा तानातान हुन्छ । अब भन्नुहोस्, सेतो गोरुलाई कालो गोरु बन्धन भयो कि कालो गोरुलाई सेतो गोरु बन्धन भयो ?

भिक्षुहरुले जवाफ दिए- यहाँ दुइटै गोरु बन्धन होइन ।

भन्ते ! त्यसो भए, आँखालाई रुप पनि बन्धन होइन,रुपलाई आँखा पनि बन्धन होइन । बन्धन त आँखाले रुप देखेर जुन विज्ञान वा चेतना उत्पन्न हुने हो, त्यहि नै बन्धन वा संयोजन हो ।

चित्र गृहपतिको विद्वत्ता देखेर आश्चर्य हुँदै भिक्षुहरुले उसलाई साधुवाद दिनुभयो ।

एकदिन सारिपुत्र भन्ते अरु भिक्षुहरुका साथ मच्छिकासण्डमा जानुभयो । उहाँ त्यहाँ पुग्नुभएको पनि चित्र गृहपति असाध्यै विद्वान् छ भन्ने सुनेर हो । चित्र उपासक सारिपुत्र भन्ते भेटेर वन्दना गरी सुख दु:खको कुरा गरिसकेपछि असाध्यै खुशी भएर भोलिको भोजनको लागि निमन्त्रणा गरी फर्केर गयो ।

त्यहाँ जहिले पनि आवासीय रुपमा बसिराख्नुभएका सुधम्म भन्ने एकजना भिक्षु थिए । उनलाई सोधेर मात्र चित्र गृहपतिले धार्मिक कार्य गर्ने गर्दथ्यो । त्यस दिन भने पहिला सारिपुत्र भन्तेलाई निमन्त्रणा गरिसकेपछि मात्र सुधम्म भन्तेलाई सुचना दिन



Downloaded from http://www.dhamma.digital

गयो-भोलि भोजन आउनुहोस् है, सारिपुत्र भन्ते आउने भएको छ ।

सुधम्म भिक्षुले बिचार गऱ्यो- मलाई नसोधी निमन्त्रणा गरेर आयो । मेरो अपमान भयो ।

यस्तो बिचार गरी उनले भने- म भोजन गर्न आउँदिन ।

चित्र उपासकले भन्यो- तपाई आउनु भएन भने सुख हुने छैन । तपाईं जसरी पनि नआई हुंदैन ।

उनले भने- म आउँदिन । तिमीलाई सारीपुत्र भए पुगिहाल्यो नि ।

चित्र गृहपति घरमा गएर भोलिको लागि भोजनको प्रबन्ध गरेर बस्यो । भोजन गराउने दिनमा सुधम्म भिक्षुको मन बसेन । के के बनाएर ख्वाउने हो एक पटक हेर्नु पऱ्यो भनि चित्र गृहपतिको घरमा गए ।

उनी आएको देखेर चित्र गृहपतिले मन प्रशन्न बनाएर भन्यो- भन्ते ! तपाई आउनु भएको साऱ्है राम्रो भयो । तयार गरेर राखेको ठिक भयो कि भएन, एक पटक हेरीदिनु पऱ्यो ।

सुधम्म भिक्षुले ब्यङ्ग हान्दै भन्यो- अरु त सबै ठिकै छ तिलको लड्डु एउटा मात्र भएन ।

त्यसो किन भनिएको भने चित्र गृहपतिको घरमा



Downloaded from http://www.dhamma.digital

तिलको लड्डु बनाउने भएर हो । त्यहि एउटा मात्र छैन भन्दा अलिकति मनमा बिभ्क्ने त स्वभाबिकै भयो ।

चित्र गृहपतिले बिचार गर्‍यो, यो भन्तेले मनमा एउटा र मुखले अर्को भन्यो । म पनि एउटा भन्नेछु भनि उसले यसरी भन्यो- भन्ते ! पहिला एक ठाउँमा कुखुरा र काग दुई जनाबाट एउटा बच्चा जन्म्यो । त्यो बच्चाले काग कराउँछु भन्दा कुखुरा कराउँथ्यो । कुखुरा कराउँछु भन्दा काग कराउँथ्यो ।

यो कुरा सुन्दा सुधम्म भिक्षुलाई रिस उठ्यो । उनले भने- तिमी उपासक भएर भिक्षुहरुको अपमान गर्‍यौ । तिमीले हेर्दा तिम्रो विहारमा बसेको कारणले मैले तिमीले भने जस्तै गर्नुपर्छ भन्ठानेका होलान् । तिम्रो विहारमा बस्नुपर्छ भन्ने छैन । तिम्रै भोजन खाएर बस्नु पर्छ भन्ने पनि छैन । तिम्रो विहारमा तिमीलाई मनपर्ने भिक्षु नै राख, म त गएँ ।

यसरी कराउँदै त्यो भिक्षु भगवान् बुद्धकहाँ पुगे । उनले बुद्धसामु चित्र गृहपति उपासक भएर पनि भिक्षुहरुको अपमान गरेको कुरा सुनाए ।

भगवान् बुद्धले सबै कुरा सुन्नुभइसकेपछि भन्नुभयो- हे भिक्षु ! यसमा चित्र गृहपतिको दोष होइन, दोष तिम्रो नै हो । तिमीले नै उससँग क्षमा



Downloaded from http://www.dhamma.digital

माग्न योग्य छ ।

भगवान् बुद्धले उसलाई मन नलागे पनि चित्र गृहपतिसँग आफ्नो गल्तिको क्षमा माग्न पठाउनु भयो ।

चित्र गृहपतिमा भिक्षुहरुप्रति श्रद्धा बलियो थियो । उसंसँग क्षमा माग्न आएको भिक्षुलाई पहिला त उसले क्षमा दिएन । उसले यसरी नै भनिराख्यो- सुधम्म भन्तेले क्षमा माग्नुपर्ने कुनै काम गर्नुभएको छैन ।

अनि त्यहाँ आएका भिक्षुहरुले उपासकलाई भने- हे उपासक ! भगवान् बुद्धले नै ती भिक्षुलाई क्षमा माग्न पठाउनुभएको हो ।

त्यसपछि मात्र उसले सुधम्म भिक्षुलाई क्षमा दियो ।

वास्तविक ज्ञानको बारेमा अरु पनि कुराहरु जान्न मन लागे बुद्धकालीन गृहस्थी आदि पुस्तकहरु हेर्न र पढ्न सकिन्छ ।

ooo



Downloaded from http://www.dhamma.digital

# योग्य गुरु बुद्ध

श्रावस्ती भन्ने नगरमा एक जना धनाढ्य महाजन बस्दथे । उनकहाँ काम गर्ने दास-दासी (नोकर/कामदार)हरु धेरै थिए ।

ती महाजनका एउटी छोरी पनि थिइन् । वैश पुगेकी छोरीको घरमै काम गर्ने एक जना दास(नोकर)सँग प्रेम भयो । कुलसँग नमिल्ने भएकोले आफूलाई मनपर्ने व्यक्तिसँग छुट्टीएर बस्न नसकी तिनी नोकरसँग नै भागिन् ।

समय भएपछि तिनी गर्भवती भइन् । लोग्नेकहाँ आफूलाई हेरविचार गर्ने कोही नभएर, नदेखेर तिनको मनमा पीर पर्‍यो ।

अन्ततः तिनले माइती जाने विचार गरिन् -आमाले कसो आफूलाई माया नगर्नु होलान् र ? एकचोटि रिसले गाली गर्नुहुन्छ, त्यति नै त होला ।

यस्तो विचार गरी तिनले माइती गएर बच्चा पाउने इच्छा आफ्नो लोग्नेलाई भनिन् । लोग्नेचाहिँले भनिन्-के मुखले त्यहाँ जाने ? माइती जाने कुरै नगर ।



Downloaded from http://www.dhamma.digital

तिनको मन मानेन । लोग्नेलाई नसोधिकनै खुरुक्क माइती जान्छु भनी निस्किन् । बाटोमै बच्चा पाइन् । लोग्नेचाहिँले खोज्दै आउँदा बाटोमै बच्चा पाएकी स्वास्नीलाई भेट्टाइन् ।

तिनले भनिन्- बच्चा जन्माउने काम बाटोमै सिद्धियो । अब माइती जानुपर्ने भएन । जाऊँ, घरमै फर्कौं ।

फेरि पछि तिनी गर्भवती भइन । पहिलाझै यसपटक पनि बच्चा बाटोमै पाइन् । बाटोमा पाएको भएर पहिला जन्मेको बच्चालाई महापन्थ, पछि जन्मेको बच्चालाई चूलपन्थ भनी नाम राखिदिए ।

केही वर्षपछि माइती जान्छु भनी दुइटै बच्चा लिएर तिनी माइती गइन् । बच्चाको आमा भइसकेपछि तिनले दु:ख पनि धेरै पाएकी थिइन् । माइती जान मन लागेर सरासर गइन् । तिनले सिधै घर जाने आँट गर्न सकेन । त्यसैले टोलका मानिसहरुलाई भन्न पठाइन् ।

आमाचाहिँले विचार गरिन्, छोरीलाई घरमा भित्र्यायो भने लोकका मानिसहरुले कुरा काट्ने छन् । तसर्थ छोरीलाई जीविका गर्न पुग्नेजति धन दिएर पठाइदिन्छु । दुई जना नातिहरुलाई मात्र यहाँ राख्नुपर्ला ।



Downloaded from http://www.dhamma.digital

यस्तो विचार गरी तिनले छोरीलाई चाहिनेजति धन दिएर पठाइन् । दुई जना नातिहरु मात्र घरमा ल्याइन् ।

तिनी जहाँ गए पनि नातिहरु सँगसँगै आउने गर्दथे । अरुले ती बालकहरु को हुन्? भनेर सोध्दा तिनलाई सार्है लाज हुन्थ्यो ।

तिनी बरोबर भगवान् बुद्धकहाँ गएर धर्म उपदेश सुन्न जाने गर्दथिन् । बालकहरु ठूलो भए । ठूलो नातिले हजुरआमालाई सोधे- हजुरआमा! मलाई भिक्षु हुने इच्छा भयो । म भिक्षु हुन जान्छु हुन्न र ?

हजुरआमाले भनिन्- हुन्छ बाबु हुन्छ । तिमी भिक्षु हुन जाऊ ।

केही समय नबित्दै भाइचाहिँले पनि भिक्षु हुने इच्छा भएर हजुरआमालाई भन्यो ।

हजुरआमालाई सार्है खुशी लाग्यो, दुइटै नातिहरु भिक्षु भएर गए । किनभने उनीहरुलाई लिएर कही जान पनि लाजलाग्दो हुन्थ्यो । सबैले नोकरसँग भागेको छोरीका बच्चाहरु भन्थे । अब त्यस्तो कुरा सुन्नुपर्ने भएन ।

चूलपन्थलाई दाजु महापन्थको जिम्मामा दियो । दाजु महापन्थ दुःखमुक्त अर्हत् भइसकेका थिए । अर्हत्हरुमा राग, द्वेष र मोह हुँदैन ।



Downloaded from http://www.dhamma.digital

महापन्थ भिक्षुले आफ्नो भाइलाई पढाउन थाले । चूलपन्थले भने तीन महिनासम्ममा पनि एउटा श्लोक कण्ठ पार्न सकेन । अनि दाजुचाहिँले भने- चूलपन्थ ! तिमी भिक्षु हुन लायक छैनौ । तिमी घरमा जाऊ, विवाह गरेर जीवन बिताऊ ।

चूलपन्थले केही बोलेन । घरमा जाऊ कि जाऊ भन्दै बलले बाहिर निकाल्न लागे । कसैले भोजनको लागि निमन्त्रणा गर्न आए पनि चूलपन्थलाई गणना नगरी स्वीकार गर्दथे । यसले उसको मन दुख्यो ।

दाजुलाई नै मन नपर्ने गरी के बसि राख्ने ? बरु घरमै जान्छु भन्ने विचार गरी ऊ एकाविहानै त्यहाँबाट उठेर हिँड्यो ।

बाटोमा उसले भगवान् बुद्धलाई भेट्यो । भगवान् बुद्धले उसलाई सोध्नुभयो- "चूलपन्थ ! तिमी कहाँ जान लागेका हौं ?"

"मेरो दाजु महापन्थ भन्तेले मलाई विहारबाट निकालिदिनुभयो, त्यसैले घर जान लागेको भन्ते !"

"किन निकालिदिएको त ?"

"श्लोक एउटा तीन महिनासम्ममा पनि कण्ठ पार्न नसकेको कारणले ।"

"तिम्रो दाजुले निस्केर जाऊ भन्दैमा निस्किनु



Downloaded from http://www.dhamma.digital

पर्छ र ? मकहाँ नआई त्यसरी जानुहुन्छ त ? ल यहाँ आऊ" भन्नुहुँदै उहाँले चूलपन्थलाई मायाले भित्र विहारमा लानुभयो ।

चूलपन्थलाई शान्त्वना दिनुभएपछि भगवान् बुद्धले उसलाई एउटा सेतो कपडा दिनुभयो र हातले चलाउँदै रजोहरणं, रजोहरणं भन्न लगाउनुभयो । रजोहरणको अर्थ हो- मैल नहोस्। तर हातले चलाउँदै गर्दा सेतो कपडा मैलले कालो भएर आयो ।

चूलपन्थले बोध गऱ्यो-ममा मैल भएकोले यो कपडा कालो भयो । मेरो मनमा पनि मैल बाँकी छ, त्यसैले म यस्तो भए । मैले आफूले आफूलाई चिन्न सकिन । अब म आफ्नो मनलाई वशमा राख्नेछु ।

यस्तो विचार गरी मनमा राम्रो विचारमात्र ल्याई नराम्रो विचारलाई पन्छाइदियो । ऊ अर्हत् भयो ।

भिक्षुहरुका बीच कुरा चल्यो- महापन्थ भिक्षु अर्हत् भएर पनि भाइलाई तालिम गर्न नसकेर विहारबाट निकलिदिए । निकालिएका उही भिक्षुलाई भगवान् बुद्धले तुरुन्तै तालिम गर्नुभई अर्हत् बनाइदिनुभयो । गुरु भनेको योग्य नै चाहिन्छ ।

000



Downloaded from http://www.dhamma.digital

# सात पल्टसम्म गृहस्थी-भिक्षु

भगवान् बुद्ध श्रावस्तीमा बस्नुहुँदाको घटना थियो । एक जना गोठालेको एउटा गाई हरायो । गाई खोज्नको लागि जंगलमा यता उता दौड्दैं आधा दिन बित्यो । बल्ल गाई भेट्टाएर गोठमा बाँधि दियो । असाध्यै भोक लागेर अलिकति खाना खानुपऱ्यो भनी नजिकैको विहार भित्र गयो । भित्र गएर भिक्षुहरुलाई वन्दना गरी एक छेउमा बस्यो । त्यतिबेला त्यहाँ अगाडि नै भिक्षुहरुले खाएर बाँकी रहेको खाना रहेछ ।

भिक्षुहरुले ऊ भोकाएर आएको थाहा पाई त्यो खाना लिएर खाए पनि हुन्छ भनी देखाइदिए । भगवान् बुद्धको समयमा भिक्षुहरुलाई मासु-माछा राखेको भोजन प्राप्त हुने रहेछ ।

त्यो गोठालोले पेटभरि खाएर हात पखाली भिक्षुहरुकहाँ गएरु सोध्यो- भन्ते ! आज कसैले विशेष भोजन गराउन आएको थियो र ?

छैन । हामीलाई दिनका दिन यस्तै नै भोजन प्राप्त हुने हो भनी भिक्षुहरुले जवाफ दिए ।

गोठालाले विचार गऱ्यो- हामी यति धेरै रगत पसिना बगाएर दुःख गरी कमाउँदा पनि एकचोटि



Downloaded from http://www.dhamma.digital

यसरी मिठो खाना पेटभरि खान पाउँदिन । यी भिक्षुहरु त्यसै बसेर पनि दिनका दिन यसरी मिठो खान पाउँछन् । म पनि अब भिक्षु हुनुपर्‍यो ।

यस्तो विचार गरी उसले पनि प्रव्रजित हुने अनुमति माग्यो । भिक्षुहरुले उसलाई प्रव्रजित गराइ दिए । उपसम्पदा लिई भिक्षु पनि भयो । आवश्यक नियमसहित विहारमा गर्नुपर्ने सफासग्घर गरी बुद्धको नाममा प्राप्त भएको भिक्षा खाई लाभसत्कारले सम्पन्न भई बसिरह्यो ।

धेरै समय नबित्दै ऊ हृष्टपुष्ट भई मोटायो । अब उसलाई दिनका दिन भिक्षा लिएर खान पनि गाऱ्हो लाग्यो । यो भिक्षु जीवन पनि हुँदैन रहेछ, गाऱ्हो हुँदो रहेछ भन्ने विचार गरी ऊ चीवर छोडेर गृहस्थी भई घरमा फर्क्यो ।

घरमा बसी दिनका दिन घाममा पसिना बगाएर काम गरी परिवारको चिन्ता लिनुपर्दा धेरै समय नबित्दै ऊ दुब्लो भयो । मिठो पनि खान नपाउँदा यो गृहस्थी जीवन पनि ठिक छैन भनी फेरि ऊ भिक्षु हुन गयो ।

मिठो खाई मोटाएपछि फेरि घरको स्वास्नी पनि सम्झ्यो, भिक्षु जीवन पनि अप्रिय लाग्यो । फेरि चीवर छोडेर ऊ गृहस्थी भई घरमा फर्क्यो ।

ऊ प्रव्रजित भइरहँदा भिक्षुहरुलाई धेरै नै उपकार हुन्थ्यो । काम गर्नमा अल्छी मान्दैनथ्यो ।



Downloaded from http://www.dhamma.digital

घरमा गएर दुब्लाएपछि, काम गर्न गाऱ्हो लागेपछि, मिठो खान नपाएपछि ऊ फेरि विहारमा गएर भिक्षु हुनुपऱ्यो भनी कराउन जान्थ्यो। भिक्षुहरुले उसलाई ६ पल्टसम्म भिक्षु बनाइदिए। मन लागे-लागेको बेला चीवर लगाएर भिक्षु हुने भएकोले गर्दा उसको नाम नै "चित्तहत्थ" अर्थात् चित्तले जसरी जसरी भन्यो, त्यसरी नै नाच्ने भन्ने नाम राखिदिए।

ऊ फेरि घरमा गयो। फेरि भिक्षु भयो। त्यसो हुँदै उसको स्वास्नी गर्भवती भइन्। फेरि चीवर छोडेर घरमा आई खेतमा काम गरेर बस्नथाल्यो।

एक दिन खेतबाट फर्की कोठामा आउँदा बच्चा पाउन लागेको स्वास्नी सुतिरहेकी थिइन्। लुगा पनि एकातिर पन्छिएको थियो। मुखबाट ऱ्याल बगाएर घुरिरहेकी थिइन्। नाकबाट सिंगान बिस्तारै निस्किरहेको थियो। आफ्नो स्वास्नीको त्यस्तो घिनलाग्दो दृश्य देखेर उसलाई मरेको लाश फुलेर आएजस्तो विचार आयो।

उसलाई स्वास्नीप्रति घृणा पनि लाग्यो, अनित्य पनि देख्यो- अहो ! यही हो अनित्य ! यसैले गर्दा मैले भिक्षु जीवन पनि राम्ररी बिताउन सकिन। घरमा मात्र फर्केर आउने इच्छा भइरह्यो। यसले गर्दा मलाई दु:ख भयो। मेरो चित्त चञ्चल भयो। यस्तोको साथमा पनि के बस्ने र ?

यस्तो विचार गरी ऊ एक पोको चीवर लिई



Downloaded from http://www.dhamma.digital

छिटो छिटो घरबाट बाहिर निस्क्यो ।

नजिकैको घरमा उसको सासु बसिरहेकी थिइन् । तिनले ज्वाईलाई खेतबाट घरमा फर्केको धेरै बेर नहुँदै तुरुन्तै एक पोको चीवर लिएर बाहिर निस्केको देखिन् ।

के भयो होला ? कतै छोरीसँग झगडा गरेर पो निस्क्यो कि भन्दै तिनी हतपत छोरीकहाँ गएर हेर्न गइन् ।

छोरी कोठामा लम्पसार परेर वस्त्र पनि एक छेऊमा पर्ने गरी र्‍याल बगाएर, सिंगान खसालेर सुतिरहेको देखेर तिनले छोरीलाई उठाउँदै भनिन् - ए अलच्छिना ! उठ चाँडै ! तिम्रो लोग्नेले तिमीलाई छोडेर गइसक्यो । तिमीले अर्को लोग्ने खोज्नुपर्ने स्थिति भइसक्यो । तिमी सुतिराखेको हालत देखेर मन बिगारी फेरि ऊ भिक्षु हुन गइसक्यो ।

आमाको कुरा सुनेर तिनले भनिन् - आमा ! शान्त हुनुहोस्, जानुपर्ने ठाउँमा जानुहोस्, नकराउनु होस् । उसले मलाई छोड्न सक्छ र ? दुई तीन दिनमै मैकहाँ विस्तारै आउनेछ, हेर्दै बस्नुस् न । बरु यहाँ नकाराउनुस् ।

अनित्य ! दुःख ! यसरी कराउँदै बाटोमा जाँदै गर्दा ऊ स्रोतामन्न भयो । ऊ भिक्षुहरुकहाँ पुगेर भिक्षु बनाइदिनुहोस् भनी पिरेर बस्यो ।



Downloaded from http://www.dhamma.digital

भिक्षुहरुले ऊ पहिला भिक्षु भइरहँदा आफूहरुलाई धेरै उपकार गरेको कुरा सम्झँदै कृतज्ञतापूर्वक फेरि उसलाई भिक्षु बनाइदिए । सातौं पटक भिक्षु भएर धेरै समय नबित्दै ऊ दुःखमुक्त अरहन्त भयो ।

केही दिनपछि भिक्षुहरुले उसलाई व्यंग्य गर्दै भने के तिमीलाई घरको श्रीमती सम्झेर आउँदैन ? घर जाने बेला भएको छैन ? साँच्चै !घर जानलाई तयार भइबसेको जस्तो छ !

यो कुरा सुनेर चित्तहत्थ भिक्षुले जवाफ दियो- म पहिला जस्तो होइन । सांसारिक बन्धनबाट म मुक्त भइसकें । अब म गृहस्थाश्रममा फर्किने छैन ।

उसको कुरो सुनेर भिक्षुहरु अलमलमा परे । उनीहरु बुद्धकहाँ पुगेर भन्न गए- भन्ते ! चित्तहत्थ भिक्षुले आफू अरहन्त भएजस्तो गरी कुरा गऱ्यो । उसले झुठो कुरा गरिरहेको छ ।

त्यसपछि भगवान् बुद्धले भन्नुभयो- भिक्षुहरु ! त्यसरी नै हो । त्यो भिक्षुको चित्त चञ्चल भई अज्ञानमा परिरहँदा, धर्मका कुरा नबुझ्दा भिक्षु भएर फेरि घरमा फर्की गृहस्थी भयो । अब उसमा पुण्य पनि छैन, पाप पनि छैन । दुइटै छैन । अब ऊ संसारमा आवागमन हुनेछैन । ऊ साँच्चै नै अरहन्त भइसकेको छ ।

ooo



Downloaded from http://www.dhamma.digital

# पुरुष महिला भयो

भगवान् बुद्ध श्रावस्तीको जेतवन विहारमा बसिरहनु हुँदाको कुरो हो ।

एक दिन सोरेय्य भन्ने सेठको छोरा आफ्ना साथीहरुसँग आरामपूर्वक रथमा बसी अरुलाई पनि भेला गरी नुहाउन भनी गइरहेको थियो । बाटोमा महाकात्यायन महास्थविर भिक्षा जानको निम्ति पात्र लिई चीवर लगाउनु भयो । चीवर लगाउनु हुँदा उहाँको राम्रो शरीर देखी सेठको छोराले विचार गर्‍यो- उहाँ मेरो स्वास्नी भएको भए कति बेश हुन्थ्यो अथवा मेरो स्वास्नीको शरीर पनि उहाँको जस्तो राम्रो शरीर भएको भए कति मज्जा हुन्थ्यो ।

यति विचार गर्ने बितिकै उसको पुरुष लक्षण हराएर गयो, तत्कालै महिला भयो ।

महिला भएपछि ऊ साह्रै लाज मानी कसैले नदेख्ने गरी सुटुक्क रथबाट झरेर एकातिर भाग्यो । रथमा बसिरहेका साथीहरुले पत्तै पाएनन्, किन के भयो, सेठपुत्र कहाँ गयो ।

उनीहरुले यता उता खोजे, कहीँ पाएन । घरमा फर्क्यो होला भनी सबै नुहाएर घरमा फर्के ।

सेठले सोध्यो- मेरो छोरा खोई ?



Downloaded from http://www.dhamma.digital

"नुहाएर घरमा फर्किसक्यो भन्ठानेको, आएन र ?"

सेठले छोरालाई खोज्दा खोज्दै नभेट्टाएर पक्कै मरिसक्यो भन्ने सम्भी मरेको नाममा गर्नुपर्ने सबै क्रियाकर्म गरिदियो ।

यता सेठपुत्र महिला भएपछि तक्षशिक्षा (पाकिस्तान) तिर लाग्यो । बाटोमा उतातिर गइराखेको रथको पछि पछि गइरह्यो । रथमा बसिरहेकाहरु बीच कुरा भयो- हाम्रो रथका पछि पछि एक युवती आइरहेकी छिन्, को होलिन् थाहा छैन ।

अनि पुरुष महिला भएकोले हातमा भएको एउटा औंठी दिई रथमा बसी तक्षशिला गयो ।

रथमा बसिरहेकाहरुले कल्पना गरे- हाम्रा साहुजीको छोराको विवाह भएको छैन । उनलाई यही युवती सुहाउँछ पनि, राम्री छिन् पनि । उनैलाई यो केटी मिलाउन सक्यो भने त हामीहरुले उपहार पनि पाउँछ, मिठो खान पनि पाउँछ ।

तक्षशिलामा पुग्नेबितिकै साहुजीको छोरालाई भने- साहुजी ! तपाईलाई सुहाउँदो दुलही एक जना ल्याएका छौं, हेर्नुहोस् ।

उसले पनि खुट्टादेखि टाउकोसम्म हेरेर असाध्यै खुशी भयो- अहा ! कति राम्री ! हिस्सी परेकी ! मलाई त असाध्यै मन पऱ्यो ।

साहुको छोराले उसैसँग विवाह गऱ्यो । पछि दुई



Downloaded from http://www.dhamma.digital

जना छोराहरु पनि भयो ।

एक दिन उसले झ्यालबाट बाहिर हेरिरहेको बेला सोरेय्य देशका उसैको साथी गाडामा धेरै सामान बोकेर व्यापार गर्न आइरहेको देख्यो । चिनेर नोकरलाई पठाई साथीलाई बोलाउन पठायो, खुब मान सम्मान गऱ्यो ।

साथीचाहिँले सोध्यो- मलाई नचिने पनि किन मलाई यति धेरै सत्कार गरेको ? के तिमीले मलाई चिन्छौं र ?

"मैले तपाईलाई चिनेको छु । सोरेय्य देशबाट आएको होइन र ?"

"हो ।"

"फलाना सेठको हालखबर के छ नि ? उनका जहान परिवार सबै कुशलै त छन् ?"

"अहो ! उनीहरुको कुरा सबै सोध्यौ । के तिमीले चिन्छौ र ?"

"मैले राम्ररी चिनेको छु । उनीहरुका एक जना छोरा पनि छ, के भयो त ?"

"त्यो सेठको छोराको कुरा लामो छ, नसोधे पनि हुन्छ ।"

"भन न, के लामो कुरा ?"

"हो, एक दिन म र सेठको छोरा सँगै रथमा बसेर नुहाउन जान्छु भनी गइरहेको बेला ऊ बीचमै हरायो । बेपत्ता भयो । अनि आमा बाबुहरुले खोजेर



Downloaded from http://www.dhamma.digital

नपाएपछि मऱ्यो होला भनी मरेको नाममा गर्नुपर्ने सबै काम गरिदिए ।"

महिला भएकोले भन्यो-"त्यसबेला नुहाउन जाँदा हराएको म नै हुँ ।"

उसको साथीले भन्यो- के भनेका हौ तिमीले, हाम्रा सेठपुत्र देवपुत्रझैं राम्रो छ, तिमी भने महिला !

महिला भएकोले फेरि भन्यो- म त्यही हुँ । के भएको, कसरी भएको भन्ने कुरा म बताउँछु । त्यस दिन नुहाउन जाँदा बाटोमा महाकात्यायन भन्ते भेट्यो । उहाँले चीवर लगाउनु हुँदा राम्रो शरीर देखेर मनमा यस्तो विचार आयो, अनि महिला भयो भनी सबै कुरा विस्तारपूर्वक भन्यो ।

साथीले भन्यो- अहो! मलाई भन्नु पर्दैन त ? उहाँसँग क्षमा मागेनौ तिमीले ?

"अहँ, मागेन ।"

"उहाँ यही नजिकै आउनु भएको छ । म उहाँलाई भोजनको निम्ति निमन्त्रणा गर्छु । तिमीले उहाँसँग क्षमा माग्यौ भने फेरि पहिलाझैं पुरुष हुनेछौ ।"

यति भनी उसले महाकात्यायन भन्तेलाई निमन्त्रणा गर्न गयो । उहाँ आउनु भयो । भोजनपश्चात् उसले भन्यो- भन्ते ! कृपापूर्वक मेरो साथीलाई क्षमा गरिदिनुहोस् ।

किन, के भयो ? के भनेर क्षमा दिने ?

तपाईको राम्रो शरीर देखेर राम्रो लागेर उसको



Downloaded from http://www.dhamma.digital

स्वास्नी भएको भए कति बेश हुन्थ्यो भनी विचार गर्ने बितिकै पुरुष महिला भयो । त्यसैले तपाईसँग क्षमा मागिरहेको हो ।

अनि महाकात्यायन भन्तेले भन्नुभयो- त्यसो भए क्षमा भयो ।

उहाँले त्यति भन्ने बितिकै ती महिला फेरि पहिला जस्तो हो, त्यस्तै पुरुष भयो ।

त्यसपछि आफ्नो लोग्ने भएकोलाई भन्यो- साथी ! यी दुई जना छोराहरु हामी दुईबाट भएको हो । म पहिला पुरुष हुँदा पनि दुई ज़ना बच्चाहरु छन् । यी दुई तपाईलाई नै छोडेर जान्छु । मेरो यही जीवनमा म पुरुष भएं, फेरि महिला भएर अब फेरि पुरुष भएँ । अब मलाई गृहस्थाश्रममा बसिरहने इच्छा भएन । म उहाँकहाँ भिक्षु हुन जान्छु ।

ऊ भिक्षु भयो । उसको नाम सोरेय्य भिक्षु राख्यो । भिक्षु भइसकेपछि श्रावस्तीमा आयो । पुरुषबाट महिला र फेरि पुरुष भइसकेको एक जना भिक्षु श्रावस्ती आइरहेको छ भन्ने खबरले मानिसहरु अचम्भित भए, कस्तो कुरा सुन्न पायो !

धेरै मानिसहरु उसकहाँ आएर सोध्न आए- भन्ते ! अद्भूत आश्चर्यको कुरा एउटा सोध्न आउँदैछौं, के त्यस्तो भएको हो र ? कसरी भएको हो ?

जवाफमा उसले भन्यो- उपासकहरु ! भएको कुरा साँचो हो ।



Downloaded from http://www.dhamma.digital

"तपाईबाट नै भएको दुई जना सन्तान छन्, तपाईको जहानबाट दुई जना सन्तान छन् । तपाईलाई धेरै माया कुन बच्चाहरुको लाग्छ नि ?"

"मैले आफैले जन्माएका बच्चाहरुको माया बढी लाग्छ ।"

यसरी सधैं मानिसहरु हुलका हुल आएर कुरा सोध्न आइराख्ने भयो । धेरैको प्रश्न थियो- चार जनामध्ये धेरै माया कसको लाग्छ ?

पछि फेरि त्यही प्रश्न सोध्न आउँदा उसले कसैको पनि माया लाग्दैन, सबै मेरो लागि बराबर हुन् भनी जवाफ दियो ।

अनि मानिसहरुले भन्न थाले- भिक्षुले असत्य कुरा गऱ्यो । पहिला पहिला आफूबाट पाएका बच्चाहरुकै बढी माया लाग्छ भन्नेले अब त कसैको माया लाग्दैन भन्यो । अर्हत् भएकाहरुले भैं कुरा गऱ्यो ।

यसरी हल्ला मच्चियो । भगवान् बुद्धले यो कुरा सुन्नुभई यसरी भन्नुभयो- मेरो पुत्रले असत्य कुरा गरेको छैन, अर्हत् नै भए भनेको छ । पहिला ज्ञान नहुँदा आफूबाट पाएका दुई बच्चाहरु मनपर्छ भन्यो । अब, आफ्नो मनलाई राम्ररी बशमा राखिसकेको कारणले कसैको विशेष माया लाग्दैन ।

OOO



Downloaded from http://www.dhamma.digital

# इन्द्र-धर्म

वैशाली नगरमा महालि भन्ने लिच्छवी राजा भगवान् बुद्धकहाँ आएर सोध्न आए- भन्ते ! तपाईले इन्द्रको बारेमा कुरा भन्नुभयो, तपाईले इन्द्र भन्नेलाई देख्नुभएको छ र ?

बुद्धको जवाफ थियो- देखेको छु ।

महालि- भन्ते ! तपाईले देख्नुभएको इन्द्र नकली होला । साँच्चैको इन्द्र मानिसहरुले देख्न सक्दैन ।

बुद्ध-महालि ! मेरो कुरा सुन । मैले इन्द्रलाई पनि चिनेको छु । इन्द्र हुने धर्म पनि जानेको छु । इन्द्र भन्ने पहिला मानिस नै थिए । उनी एक मघ भन्ने माणव थिए । त्यसैले इन्द्रलाई मघवा भनिन्छ । इन्द्र हुनलाई सातवटा धर्म पालन गर्नुपर्छ ।

ती के के हुन् ?

१) प्राण रहेसम्म आमा बाबुको रक्षा र सेवा गर्ने

२) कुलमा गुणवान् ज्येष्ठहरुलाई सम्मान गर्ने ।

३) नरम वचनले कुरा गरी जनप्रिय हुने ।

४) कहिले पनि चुकली कुरा नगर्ने ।

५) कञ्जुस र कपट नभई दान दिन जान्ने ।

६) असत्य कुरा नगर्ने ।

७) नरिसाउने, रिस उठ्दा तुरुन्त दमन गर्ने ।

महालि ! यी सातवटा धर्म पालन गरेको कारणले



Downloaded from http://www.dhamma.digital

इन्द्र हुन पायो । अरु पनि काम गरेका थिए ।

महालिले सोधे- भन्ते ! इन्द्र बन्नुअघि अरु के काम गरेका थिए, त्यो पनि जान्ने इच्छा छ, एकपल्ट भन्नुहोस् ।

बुद्धले भन्नुभयो-महालि ! पहिला इन्द्र मघ भन्ने माणव भइरहेको बेला उनले परोपकार काम गर्दै हिँडे । उनले गर्ने काम के हो भने जहाँ गए पनि सफा सुग्घर गरिबस्ने । कहीँ कथा भनिरहेको छ भने त्यहाँ मानिसहरुलाई बस्न मिल्ने गरी ठाउँ बनाई सफा गरिदिने ।

पछि केही नाम नभएको ढिस्को र झारपातले भरिएको ठाउँलाई राम्ररी सफा गरी घर बनाइराखे । तर अलि बलियाहरुले उसको ठाउँ लिई उसलाई त्यहाँबाट धपाइदिए ।

मघ माणवले फेरि अर्को ठाउँमा कोदालो आदि सामानले ठाउँ सफा गर्दै गए । जमीन सम्म पारी घर बनाइराखेकोलाई फेरि अल्छी र ठगहरुले उनलाई उठाएर आफूहरु बसे । तै पनि उनको मन दुखेको थिएन ।

उनले विचार गरे- मैले गरेको कामले बस्न नपाएका ठाउँ नभएकाहरुलाई ठाउँ भयो । त्यति भए पनि पुण्य गर्न पाएं । यसरी मनलाई बलियो बनाई सन्तोष भएर बसे ।

पछि बाटो एउटा बनाइदिन्छु भनी मानिसहरुलाई



Downloaded from http://www.dhamma.digital

धेरै उपकार हुने काम गरिरहे। मानिसहरुले सोधे- ए मघ! तिमीले के गरिरहेको?

"हो, म स्वर्गमा जाने बाटो बनाइराखेको छु। त्यति मात्र होइन, इन्द्र हुने बाटो पनि हो यो।

अनि अरुहरुले भने- हामीहरुले पनि गर्नुहुन्छ त?

भइहाल्छ नि, इन्द्र हुने काम पनि गर्न हुँदैन र!

अरु पनि आएर धमाधम बाटो बनाए। कसैले इनार खन्न लगाए। कसैले बगैचा बनाउन लगाए। त्यसो गरिराखेको गाउँको मुखियाले थाहापाए।

उनी त्यहाँ गएर सोध्न गए- तिमीहरु के गरिरहेका हौ?

हो, हामी इन्द्र हुने र जन हित हुने काम गरिरहेका हौं भनी उनीहरुले जवाफ दिए।

मुखिया भने जनताहरुलाई तर्साएर काम अन्हाई मोज गरिराखेका थिए। अनि उनले भने-यस्तो काम पनि गर्ने हो र? के फाइदा? न खाने, न मोज, न राम्रो लुगा लगाउने। गृहस्थाश्रममा बस्नेहरुको यो काम होइन। जाऊ! जंगलमा गएर शिकार गर, मिठोसँग खाएर रक्सी खाई नाचेर मोज गर्ने समयमा नचाहिँदा काम गरेर किन बस्छौ?

उनले सबैलाई हकारे। उनको कुरालाई कसैले पनि वास्ता नगरी बाटो, बगैंचा र ईनार आदि बनाउने काम उनीहरुले गरिरहे।

मुखियालाई रिस उठ्यो। मैले भनेको कुरा नै



Downloaded from http://www.dhamma.digital

नमान्ने भनी राजाकहाँ गएर झूठो उजुर हाल्न गए- यो गाउँमा एक समूह चोरहरु आएर अति दुःख दिइराखेको छ । गाउँ नै बिगारिराखेको छ ।

राजाले हो, होइन सोधपुछै नगरी सबैलाई समातेर ल्याऊ भनी आज्ञा दिए ।

सिपाहीहरु गएर सबैलाई बाँधी राजासमक्ष पुऱ्याए । मघ माणवले भने- साथीहरु ! हामीले नराम्रो काम गरेका छैनौं । डराउनु पर्दैन । उनीहरुप्रति कुनै द्वेषभाव नराखौ, मैत्री भावना गरौं ।

राजाकहाँ पुगेपछि हुकुम भयो- यी बदमास चोरहरुलाई हात्तीले कुल्चाएर मारिदेऊ ।

हात्तीहरु छोडिदिए । हात्तीहरु उनीहरुको अगाडि पुग्ने बेलामा त्यसै पछाडि आउँथ्यो, चुपो लागेर बस्थ्यो ।

यो खबर सुनेर राजाले विचार गरे- यो के भएको ? यहाँ केही रहस्य अवश्य हुनुपर्छ ।

राजाले चोरहरुलाई बोलाएर सोधे- तिमीहरु गाउँमा आएर किन दुःख दिइरहेका हौ ? किन चोरेर बिगारिराखेका हौ ? मैले तिमीहरुलाई गरिराखेको के भएन ?मैले दिइराखेको के पुगेन ?

मघ माणवले भने- महाराज ! के आज्ञा हुनु भएको त्यस्तो ? हामीहरु चोर हौइनौं । हामी त गाउँको उन्नति गरी जनताको सेवा गरिराखेका हौं । बाटो बनायौं । इनार खन्यौं । बगैंचा बनायौं । धर्मशाला



Downloaded from http://www.dhamma.digital

बनायौं । हामीहरुलाई किन त्यस्तो आरोप ?

राजाले भने- गाउँको मुखिया आएर एक समूह बदमासहरुले सरकारको विरोधमा नराम्रोसँग चलिराखेको छ भन्न आए ।

मघ माणवले भने- महाराज ! त्यो मुखिया हामीकहाँ आएर रक्सी लिएर आऊ, शिकार गरेर ल्याऊ, मिठा खाएर नाची, मोज गर भन्ने कुरा हामीले वास्ता नगरेको कारणले रिसाई हाम्रो बारेमा यस्तो असत्य उजुर गर्न आयो । हामीहरु चोर होइन । हामीहरु सत्यको आधारमा काम गरिरहेका छौं । हामीहरुले पञ्चशील विगारेका छैनौं ।

यति कुरा सुनेर, त्यस्तो पशु हात्तीले पनि यिनीहरुको गुण थाहा छ, सत्यको मूल्य थाहा छ, म राजा भएर पनि मुखियाको हाहामा लागेर निर्दोषीहरुलाई दुःख दिन पुगें,झण्डै ! लौ, मैले नजानेर तिमीहरुलाई दुःख दिए । मनमा केही नराम्रो भावना नलिनु ।

त्यसपछि गाउँको मुखियाको ठाउँमा मघ माणवलाई राखिदिए, मुखियालाई उनकै सेवक नोकर बनाइदिए । मुखियाको सम्पत्ति सवै मघ माणवलाई नै सुम्पिदिए ।

बुद्धले भन्नुभयो- महालि ! उही मघ इन्द्र भयो । त्यसैले अल्छी हुनु हुँदैन, अप्रमादी र उद्योगी हुनु राम्रो ।

○○○



Downloaded from http://www.dhamma.digital

# कञ्जुस साहुको छोरा

भगवान् बुद्धको समयमा पनि आजभोलि झैं भएसम्म वेवास्ता नभएपछि वास्तागर्ने मानिसहरु रहेछन् । त्यसबेला कहिल्यै कसैलाई भटमास एउटा समेत दिन नजानेको महाजन एकजना थियो । त्यसैले त्यो सेठको नाम नै अदिन्नपुब्बक अर्थात् कसैलाई केही नदिने भयो ।

त्यो महाजनको एक जना छोरा जन्म्यो । विवाह गेरर धेरै वर्षपछि पाएको छोरा । साहुनीलाई छोरा पाएर असाध्यै खुशी लागेको थियो । बच्चाको न्वारन आयो । पहिलो छोरा भएकोले राम्रो कुण्डल बनाएर कानमा सजाउने आमाचाहिँको इच्छा थियो ।

साहुनीले बच्चाको बाबुलाई भनिन्- पहिलो जन्मेको छोरालाई राम्रो सुनको कुण्डल वनाइदिनु पर्छ ।

साहु भने कञ्जुस, कपटी थियो । भटमास एउटा पनि ९ चोटि टोकेर खाने किसिमको । साहुले भन्यो- आइमाईहरुको कामै के हो ? पैसा खर्च गर्ने मात्र त हो । कमाउनु पर्दैन । हामी कमाउनेहरुलाई कति गाऱ्हो छ ।



Downloaded from http://www.dhamma.digital

साहुनीलाई मनमा खुब दुःख लाग्यो । अनुहार निन्याउरो भयो । कस्तो कन्जुस मान्छेसँग पर्न आयो भन्ने विचार गरिन् । तैपनि फेरि एकपटक साहुलाई भन्नुपर्‍यो भनी भनिन्- बच्चालाई जुनै भए पनि एउटा कुण्डल त नबनाई हुँदैन । नत्र भने इज्जत रहने छैन । म कुन अनुहार लिएर माइत जाने नि ?

अदिन्नपुब्बक साहु दिक्क मानेर आफै सुनारकहाँ गयो, सुन किन्यो र आफैले जसरी जानेको हो, त्यसरी नै गोलागिलो बनाई कुण्डल लगाइदियो ।

बच्चा अलि ठूलो हुँदै आयो । बाहिर गएर खेल्न जानसक्ने भयो । साथीहरुले उसलाई गिज्याउँदै भन्थे हेर, हेर ! उसको कुण्डल कस्तो नसुहाएको ।

बालकको मनमा पनि सुख थिएन, मेरो बाबु अति कन्जुस भएर यसरी गिज्याएर बस्नुपर्‍यो ।

बालक बिस्तारै हुर्कंदै ठूलो भयो । भर्खरको जवान भयो । त्यसबेला उसलाई कमलपित्त (पहेलो रोग) लाग्यो । ऊ बिरामीले सिकिस्त नै भयो ।

त्यसबेला आमाचाहिँले लोग्नेलाई भन्थिन्- छोराको रोग नराम्रो हुँदै आयो । वैद्य एकपल्ट बोलाएर देखाउनु पर्‍यो ।

कन्जुस साहुले भन्यो- रोग केही होइन, अल्छी भएर सुतिरहेको मात्र हो । रुघामात्र लागेको हो,



Downloaded from http://www.dhamma.digital

तातोपानी ख्वाइदिनु । त्यसै त्यसै वैद्यलाई बोलाएर किन पैसा खर्च गर्ने ?

बालकको आमाले मनमनै विचार गर्न थालिन्- कस्तो कञ्जुस लोग्नेसँग परे म ! मेरो छोरालाई औषधी नै नगरी मार्न लाग्यो ।

बालकको रोग झन् झन् बल्भिन थाल्यो । आमाचाहिँले फेरि जिद्दि गर्दै भन्न थालिन्- छोराको रोग नराम्रो भएर आयो । चाँडै वैद्य बोलाएर देखाउनु पर्‍यो ।

अदिन्नपुब्बक कञ्जुस साहु दिक्क भएर वैद्यकहाँ गयो । त्यहाँ गएर सोध्यो- भो वैद्यजु ! फलानो रोग लागेको व्यक्तिलाई कस्तो औषधी ख्वाउनु पर्छ ?

वैद्यलाई त्यो साहु कञ्जुस छ भनेर थाहा थियो । उसले विचार गर्‍यो- यो कञ्जुस साहुले मलाई फिस तिर्नु पर्ला भनी घरमा नबोलाई यहीं औषधी मात्र के ख्वाउने भनेर सोध्दैछ । यसलाई म पनि अर्कै औषधी भनेर पठाउनेछु ।

उसले पनि साहुलाई अन्दाजकै भरमा भनिदियो- फलानो रुखको पात उमालेर ख्वाउनु ।

साहु पनि पैसा बच्यो भन्ने खुशीका साथ वैद्यले भनेको रुखको पात ल्याई उमालेर बच्चालाई ख्वाउन लगायो । छोराको रोग भने झन् चर्को भयो । छटपटिन थाल्यो ।



Downloaded from http://www.dhamma.digital

छोराको यस्तो दुर्दशा देखेर आमाचाहिँको मन मानेन । चाँडै वैद्य बोलाउनु पऱ्यो भनी साहुलाई पिर्न थालिन् ।

साहुले वैद्यलाई बोलाएर ल्यायो । वैद्यले छोराको नाडी छामेर भन्यो- यो बालक बच्न सक्दैन । म यसलाई औषधी गर्न सक्दिन ।

वैद्य फर्केर गयो । छरछिमेकहरु बिरामी छोरालाई हेर्न आए । मानिसहरुले सम्पत्ति देख्लान भनी साहुले छोरालाई नै बाहिर बार्दलीमा राख्न लाग्यो ।

यो सबै कुरा बुद्धको कानमा पुग्यो । बुद्धले करुणाचित्त राख्नभई उहाँ बिरामीकहाँ जानुभयो । मर्न लागेको बिरामीले बुद्धको दर्शन गऱ्यो । बाबुप्रति द्वेषभाव राखिरहेको बिरामीले बुद्धको दर्शन पाएर मन प्रशन्न भयो, अनुहार उज्यालो देखियो । कस्तो भाग्यले मर्नु अगाडि बुद्धको दर्शन गर्न पाएँ ।

ऊ शुभ आरम्मन वा निमित्त लिएर मऱ्यो ।

परिवारले उसलाई मसानमा लगेर जलाइ दियो । त्यसपछि दिनका दिन मशानमा गएर कन्जुस साहु रुन जान थाल्यो- हे छोरा ! तिमी कहाँ गयौ ? एक चोटी भएपनि अनुहार देखाउन आऊ ।

दिनका दिन त्यसरी साहु रोइरहेको देखेर एकजना बालकले उसलाई गिज्याउनु पऱ्यो भनि साहुको



Downloaded from http://www.dhamma.digital

अगाडि बेस्सरी रुन थाल्यो।

कन्जुस साहुले बालकलाई सोध्यो- तिमी यहाँ किन रुन आएका हौ ?

बालकले जवाफ दियो- मसंग सुनको गाडा छ। त्यो गाडालाई चन्द्रमा र सूर्य दुई पांग्रा चाहिएको छ। त्यो नपाएर रोइराखेको हुँ।

साहुले भन्यो- कस्तो मूर्ख तिमी ! चन्द्रमा र सूर्य पनि पाउन सकिन्छ र ?

बालकले भन्यो- को चाहिँ मूर्ख ? अगाडि देखिरहेको चन्द्रमा र सूर्य चाहियो भनि रुने मूर्ख कि मरिसकेको छोरा भेट्नु पऱ्यो भनी रुने मूर्ख ?

साहु अलि अक्मकियो। विचार गऱ्यो, म कस्तो मूर्ख ! मरिसकेको छोरा कसरी भेट्न सकिएला त ?

त्यो बालक पनि मरिसकेको छोरा जस्तो देखिन्थ्यो। अनि उसले बिचार गऱ्यो- यहि बालकलाई आफ्नो छोरा बनाइ घरमा राख्नेछु।

अनि त्यो बालकलाई बोलाएर भन्यो- ए बाबु ! तिमी मेरो छोरा झैं देखिन्छौ। म तिमीलाई आफ्नो छोरा झैं राख्छु हुन्न र ?

बालकले भन्यो- तिमी जस्तो कन्जुससँग पनि म बस्छु र ? रोगी भएको एक्लो छोरालाई त औषधी



Downloaded from http://www.dhamma.digital

नगरी मारिदियौ । भएसम्म बेवास्ता नभए पछि वास्ता । तिमीकहाँ पनि म बसुँला र ?

अदिन्नपुब्बक साहुको मनमा झसंग भयो । उसले बिचार गऱ्यो- म कस्तो हुँ ? मरेर जानुपर्ने शरीर, मर्ने बेलामा केही लिएर जान पाउने पनि होइन । कञ्जुस भएर कसैलाइ केहि नदिई, आफू पनि नखाई थुपारीराखें । व्यर्थमा मेरो छोरा अकालले मऱ्यो । धिक्कार ।

त्यसपछि त्यो महाजन कञ्जुस नभई त्याग चेतनायुक्त भई शुद्ध मनको भयो ।

ooo

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# कञ्जुस साहुको मालपुवा

भगवान बुद्धको समयमा पनि धेरै कञ्जुस मान्छेहरु थिए । त्यसबेला धेरै धनी एकजना सेठ थियो । त्यो सेठ भने भटमास एउटालाई पनि नौ चोटी टोकेर खाने गर्दथ्यो । न कहिले मिठो खान्थ्यो, न कहिले राम्रो लुगा लगाउँथ्यो । आफूनै त्यस्तो अनि कहाँ आफ्नो स्वास्नी र छोराछोरीहरुलाई राम्रो खुवाउने र लगाउन दिने गर्न सकिन्थ्यो र ?

एकदिन त्यो कञ्जुस साहु टाढा एक ठाउँमा गइरहेको बेला एक समूह युवाहरु पिकनिक आइरहको ठाउँमा पऱ्यो । त्यहाँ घ्यू धेरै राखेर मालपुवा बनाईराखेको थियो । हेर्दै मिठो होला जस्तो । साहुले त्यो देख्ने बित्तिकै मुखभरि पानी आयो । उसले बिचार गऱ्यो- म पनि एकचोटी यसरी नै घ्यूभरि मालपुवा बनाएर खान पाए कस्तो हुन्थ्यो ।

उसले पैसा खर्च हुन्छ भनी योकुरा कसैलाई नभनी बस्यो । उसको इच्छा र आशा मनबाट हराएरु जान सकेन । जहिले पनि त्यही घ्यूमा मालपूवा बनाइराखेको मात्र सम्भेर उसलाई चिन्ताको रोग लाग्यो । निन्द्रा पनि लागेन ।



Downloaded from http://www.dhamma.digital

मध्यरातमा पनि त्यही सम्झेर बसिराख्थ्यो । यसले गर्दा ऊ झन् झन् दुब्लो हुँदै गयो ।

एक दिन सुतिरहेको बेला स्वास्नीचाहिँले सोधिन्- किन, तपाईलाई के भयो ? निन्द्रा पनि लाग्दैन, राम्रोसँग खाना पनि खाँदैन, दुब्लो हुँदै गएको छ ।

उसले भन्यो- मलाई केही भएको छैन, चुप लाग ।

स्वास्नीचाहिँले बिस्तारै सोध्दै गइन्- केही भएको छैन भन्दा पनि मनमा केही त अवश्यै छ । भन्नु हुँदैन र ?

फेरि लोग्नेले भन्यो- केही होइन भनिसकेपछि चुप लागेर बस न ।

तै पनि स्वास्नीले भन्यो- मनमा भएको कुरा भन्नलाई म प्रति विश्वास छैन भने म तपाईसँग यहाँ बस्दिन ।

अनि मात्र लोग्नेले भन्यो- हो, त्यो दिन फलानो ठाउँमा जाँदै गर्दा घ्यूभरि हेर्दै मिठो हुने गरी मालपुवा बनाइराखेको देखें । त्यो बेलादेखि त्यही मात्र सम्झेर मलाई चिन्तामात्र भयो, निन्द्रा लागेन ।

स्वास्नीचाहिँले भन्यो- त्यति कुराले पो निन्द्रा नलागेका ? म अहिल्यै मालपुवा बनाइदिन्छु अनि हामी सबैले मिठो गरी खाउँला नि, हुन्न र ?



Downloaded from http://www.dhamma.digital

उसले भन्यो- त्यस्तै भन्ला भनेर त नभनी चुप लागेर बसेको नि । तिमीहरु केही कमाउन पर्दैन । परिवार सबैलाई मालपुवा बनाउँदा धेरै घ्यू, पिठो, आदि खर्च हुन्छ । भयो, मालपुवा नै बनाउनु पर्दैन ।

स्वास्नीचाहिँले फेरि भन्यो- त्यसो भए हामी दुई जनालाई मात्र पुग्ने गरी बनाइदिन्छु, हुन्न र ?

साहुले भन्यो- पर्दैन भनेपछि पर्दैन । पैसा खर्च हुने काम नगर ।

तिनले भनिन्- तपाई एक्लैलाई मात्र बनाइदिन्छु नि, हुन्न र ?

यस्तो भनेपछि कञ्जुस साहु मान्यो । बच्चाहरुले देख्ला भनी उनीहरु सबैलाई बाहिर बाँदरको चटक हेर्न जाऊ भनी पठायो । त्यसपछि ढोका लगाएर चुकुल बन्द गरी सबैभन्दा माथि भान्छामा दुई जना मात्र बसेर मालपुवा बनाउन थाले ।

त्यो कञ्जुस सेंठ धेरै नै कपटी भएको कुरा भगवान् बुद्धकहाँ पुग्यो । बुद्धले विचार गर्नुभन्यो- त्यो सेठले बच्चाहरुलाई समेत बाहिर पठाएर एक्लै मालपुवा खान लागेको छ । यो त साह्रै अन्याय भयो ।

भगवान् बुद्धले मौद्गल्यायन भिक्षुलाई बोलाउनुभई भन्नुभयो- फलानो सेंठ घरको माथिल्लो भान्छामा



Downloaded from http://www.dhamma.digital

बसेर एक्लै मालपुवा खान लागेको छ। तिमी गएर सबै मालपुवा ल्याऊ, त्यो सेंठलाई पनि लिएर आऊ।

भिक्षु मौद्गल्यायन तुरुन्तै ऋद्धिले साहुको कौसी अगाडि उभिरहनु भयो।

सेंठले रिसाएर भन्यो- छि! छि! यस्तै माग्नेहरुले देख्लान् भनी तलदेखि ढोका लगाएर बस्दा पनि यहाँ उभिन आइराख्यो। तिमी आकाशमा बसिराखे पनि मालपुवा दिने छैन।

साँचै मौद्गल्यायन भिक्षुले आकाशमा बसेर देखाउनु भयो। कञ्जुस सेंठले भन्यो- धुँवा धेरै आउने गरे पनि तिमीलाई रोटी दिनेछैन।

मौद्गल्यायन भन्तेले धेरै धुँवा आउने गरि दियो। आँखाले केही देखेन। आँसुमात्र आएर कायलै भयो। उहाँले भन्नुभयो- मालपुवा नलिई त म जाँदै जान्न।

कञ्जुस सेंठ कायल भएर स्वास्नीचाहिँलाई भन्यो- त्यो लोभी भिक्षुलाई सानो मालपुवा एउटा बनाएर दिइदेउ।

साहुनीले सानो मालपुवा बनाएको त झन् ठूलो भएर आयो। साहुलाई रिस उठ्यो- सानो मात्र मालपुवा बनाएर देऊ भनेको त झन् ठूलो बनाइदियौ



Downloaded from http://www.dhamma.digital

होइन ?

साहुनीले भनिन्- तपाईले नै बनाइदिनुस् न।

अनि साहु आफैंले सानो पिठो राखेर मालपुवा बनायो। त्यो मालपुवा झनै ठूलो भयो।

कञ्जुस साहुलाई झनै दिक्क लाग्न थाल्यो। बरु भाँडोमा बनाइसकेको जुनै भए पनि सानो एउटा मालपुवा दिएर पठाउनलाई भन्यो। साहुनीले एउटा मालपुवा लिन खोज्दा सबै एक ढिक्को भएर आयो। साहुले भन्यो- झन् एउटा मात्र लिएर देऊ भनेको त सबै दिन लाग्यौ होइन ? म आफै लिएर दिन्छु।

उसले मालपुवा लिँदा पनि सबै एक ढिक्को भएर आयो। साहुनीले भनिन्- तिमीले एकतिर म अर्कोतिर समातेर मालपुवालाई छुटाइदिऊँ।

दुवै जनाले बल गरेर तानिराखे तर मालपुवा रबरजस्तै लामो मात्र भएर आयो, छुटेन। दुबै जना पसिना पसिना भयो, थाक्यो। दिक्क भएर साहुले भन्यो- दिएर पठाइदेऊ सबै मालपुवा यो अलच्छिनको भिक्षुलाई।

मालपुवा सबै मौद्गल्यायन भिक्षुको पात्रमा राखिदियो। त्यसपछि उहाँले भन्नुभयो-म यो एक्लै खाने होइन। भगवान् बुद्ध प्रमुख भिक्षुहरु सबैले बाँडेर खानुपर्छ। तिमी पनि जाऊँ। अनि हामी सबैले



Downloaded from http://www.dhamma.digital

सन्तुष्ट हुने गरी खान पाउँछ । भगवान् बुद्धले नै लिन पठाउनु भएको र उहाँले नै तिमीहरुलाई पनि लिएर आउनु भन्नुभएको हो । आउनुहोस् ।

उहाँले ती दुई दम्पत्तिलाई बुद्धकहाँ लानुभयो । उनीहरु बुद्धकहाँ पुगे । मौद्गल्यायन भन्तेले पात्रलाई अगाडि राखिदिनुभयो । भगवान् बुद्धले सबै भिक्षुहरुलाई बाँडेर आफूले पनि खानुभएर बाँकी रहेको साहु र साहुनीहरुलाई पनि तृप्त हुने गरी ख्वाउनु भयो ।

त्यसपछि बुद्धले भन्नुभयो- ल साहु ! अब पनि कन्जुसी गर्छौ त ? यसरी बाँडेर खान जान्नुपर्छ, अनि मनमा शान्ति हुन्छ, आनन्द हुन्छ, सन्तोष हुन्छ । तिमी आफ्ना बच्चाहरुलाई ख्वाउनु पर्ला भनी बाहिर पठाएर तलदेखि ढोका लगाई माथि भान्छामा बसेर एक्लै खान लागेको कपटी स्वभाव देखेर मालपुवा लिन पठाएको थिए । हेर्नुस्, मरेर जाने बेला केही लानु छैन । राम्रो र नराम्रो कर्म मात्र लिएर जान पाउने हो । भएर पनि कन्जुस गरी, खाँदै नखाई, कसैलाई केही नदिई मरेर गयो भने गति राम्रो हुने छैन अगतिमा पर्न जान्छ । यति कुरा सुनेर साहुको कपटी मन र कन्जुसी स्वभाव हटेर गयो । उसको बाँकी जीवन राम्रो भयो ।

ooo



Downloaded from http://www.dhamma.digital

# लेखकया प्रकाशित नेपालभाषाया मेगु सफूत

१. गौतम बुद्ध
२. बुद्धया अर्थनीति (संयुक्त )
३. तथागत हृदय
४. त्याग
५. दश संयोजन (सं.)
६. भिक्षुया पत्र (भाग-१)
७. भिक्षुया पत्र (भाग-२)
८. पेकिङ्ग स्वास्थ्य निवास
९. बौद्ध शिक्षा
१०. न्हापां याम्ह गुरु सु ?
११. माँ-बौ लुमन
१२. हृदय परिवर्तन
१३. बौद्ध ध्यान (भाग-१)
१४. बौद्ध ध्यान (भाग-२)
१५. बाखं (भाग-१)
१६. बाखं (भाग-२)
१७. बाखं (भाग-३)
१८. बाखं (भाग-४)
१९. बाखं (भाग-५)
२०. बाखं (भाग-६)
२१. भिक्षु जीवन
२२. भिंम्ह मचा
२३. बाखँया फल (भाग-१)
२४. बाखँया फल (भाग-२)
२५. धम्मचक्कप्पवत्तन सुत्त
२६. क्षान्ति व मैत्री
२७. बोधिसत्त्व
२८. मूर्खम्ह पासा मज्यू
२९. श्रमण नारद (अनु)
३०. ईर्ष्या व शंका
३१. चरित्र पुचः (भाग-१ )
३२. चरित्र पुचः (भाग-२)
३३. योगीया चिट्ठी
३४. पालि प्रवेश (भाग-१)
३५. पालि प्रवेश (भाग-२)
३६. धर्म मसीनि
३७. सर्वज्ञ (भाग-१)
३८. सर्वज्ञ (भाग-२)
३९. दुःख मदैगु लँपु
४०. शिक्षा (भाग-१)
४१. शिक्षा (भाग-२)
४२. शिक्षा (भाग-३)
४३. शिक्षा (भाग-४)
४४. दान



Downloaded from http://www.dhamma.digital

४५. चमत्कार
४६. बुद्धया व्यवहारिक पक्ष धर्म
४७. व्यवहारिक प्रज्ञा
४८. दीर्घायु जुइमा
४९. ज्ञान मार्ग (भाग-१)
५०. ज्ञान मार्ग (भाग-२)
५१. बौद्ध नैतिक शिक्षा (दो.सं.)
५२. भिंगु बन्धन
५३. मनू म्हसिइकेगु गय् ?
५४. संस्कृति
५५. बुद्धया करुणा व ब्रह्मदण्ड
५६. धर्मया ज्ञान
५७. कर्म व कर्मफल
५८. अमृत दान
५९. मंगल
६०. बुद्ध योग्यम्ह गुरु खः

## लेखकका छापिसकेका अन्य पुस्तकहरु

१. नेपाल चीन मैत्री
२. बौद्ध दर्शन
३. बुद्ध र व्यवहारिक धर्म
४. पञ्चशील
५. शान्ति
६. नारी हृदय
७. पेकिङ्ग स्वास्थ्य सेवा
८. बौद्ध संस्कार (दो. सं.)
९. बौद्ध जगतमा स्वास्थ्य सेवा (दु.सं.)
१०. निरोगी
११. बुद्धको विचारधारा
१२. मैले बुझेको बुद्धधर्म
१३. बौद्ध नैतिक शिक्षा (भाग १)
१४. बौद्ध ज्ञान
१५. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय"
१६. धर्म चिन्तन
१७. बौद्ध ध्यान (विपस्यना ध्यान)
१८. सम्यक शिक्षा (भाग-१)
१९. आर्यसंस्कृति
२०. आर्यशील र आर्य मार्ग
२१. सम्यक शिक्षा (भाग-२)
२२. सम्यक शिक्षा (भाग-३)
२३. निन्दाबाट बच्ने कोही छैन
२४ बुद्धकालीन प्रजातन्त्र र समाजवाद
२५. नारीहरुमा पनि बुद्धि छ
२६. बुद्धकालिन संस्कृति
२७. बुद्धकालिन संस्कृति र परिस्थिति
२८. पहिलो गुरु को हुन् ?
२९. बुद्धको संस्कृति र महत्त्व
३०. क्षान्ति र मैत्री(अनु.वीर्यवती)



Downloaded from http://www.dhamma.digital

३१. धर्म र हृदय
३२. बोध कथा र बौद्ध चरित्र
३३. कर्म र कर्मफल(अनु.भिक्षु संघरक्षित)
३४. भिक्षु जीवन (अनु.भिक्षु संघरक्षित)
३५. दश संयोजन (अनु .भिक्षु संघरक्षित)
३६. २१औं शताब्दिमा बुद्धको शिक्षा किन?
३७. चित्त शुद्ध भए जीवन उज्ज्वल हुनेछ
३८. धर्म जीवन जिउने कला
३९. बुद्धको जीवनोपयोगी शिक्षा
४०. नक्कली देवता
४१. बुद्ध र बुद्धको धर्म
४२. समाजको लागि बुद्धको शिक्षा
४३. मानिसलाई असल बनाउने बुद्धको शिक्षा
४४. व्यवहारिक प्रज्ञा(अनु .भिक्षु संघरक्षित)
४५. अमूल्य धन (अनु .भिक्षु संघरक्षित)
४६. बुद्धको चमत्कार
४७. दीर्घायु हुने उपाय
४८. नेपालमा थेरवादी बुद्धधर्मको भविष्य (प्रथम भाग)
४९. धर्मप्रचार
५०. नेपालमा थेरवादी बुद्धधर्मको भविष्य (दोश्रो भाग)
५१. बुद्धधर्म र संस्कृति
५२. असल शिक्षा-१
५३. बुद्ध र संस्कृति
५४. असल शिक्षा-२
५५. धर्म र आचरण
५६. धर्म र ज्ञानको शिक्षा
५७. ज्यानमारा मान्छे असल बन्यो
५८ धर्म उपदेश भाग-१, २
५९. असल शिक्षा-३,४,५,६,७,८
६०. मेरो चौथो चीन भ्रमण
६१. धर्म मरेको छैन

ooo



Downloaded from http://www.dhamma.digital

## यस पुस्तक प्रकाशनको लागि आर्थिक सहयोग गर्नुहुने पासा पुचः

नामः

१. देवनारायण महर्जन
२. अमृतमान शाक्य
३. शीलशोभा शाक्य
४. हेराशोभा शाक्य
५. तुयुं लक्ष्मी बज्राचार्य
६. केशरी बज्राचार्य
७. शारदा शाक्य
८. कमला शाक्य
९. मिना मानन्धर
१०. शुशिला मानन्धर
११. गंगा महर्जन
१२. राममाया महर्जन
१३. अष्टमाया डंगोल
१४. प्रेम शोभा कंसाकार
१५. ईन्दिरा सिलाकार
१६. दुर्गा तण्डुकार
१७. माया लक्ष्मी
१८. सुनिता



Downloaded from http://www.dhamma.digital

१९. पूर्ण कुमारी
२०. पूर्ण देवी
२१. नारायण देवी
२२. कूल लक्ष्मी
२३. गुण केशरी नकर्मी
२४. राधिका नकर्मी
२५. पञ्चकुमारी नकर्मी
२६. हेरालानी तुलाधर
२७. सुर्ज देवी चित्रकार
२८. रोशन चित्रकार
२९. मिनु चित्रकार
३०. मनोज चित्रकार
३१. सरोज चित्रकार
३२. शिशिल चित्रकार
३३. श्यामकुमारी
३४. मिश्री महर्जन
३५. हेरादेवी बज्राचार्य
३६. रत्नशोभा डंगोल
३७. हेरालानी तुलाधर
३८. कांछी तता
३९. नन्दकुमारी बज्राचार्य



Downloaded from http://www.dhamma.digital




# भिक्षु अश्वघोष

(संक्षिप्त जीवनी)

जन्म मिति : १८ मई १९२६
ललितपुर वकुबहाल
पिताको नाम : चन्द्रज्योति शाक्य
माताको नाम : लक्ष्मी माया शाक्य

गृहस्थीनाम : बुद्ध रत्न शाक्य
प्रव्रज्या : १६ वर्षमा कुशीनगरमा सन १९४४
उपाध्याय गुरु : चन्द्रमणि महास्थविर, बर्मी
अभिभावक गुरु : भिक्षु अमृतानन्द महास्थविर
उपसम्पदा : सन् १९४९, मे महिना श्रीलंकामा
गतिविधि : समाजसेवा, बौद्ध जागरण प्रवचन, बहुजनहितको शिक्षा प्रचार गाउँ गाउँमा युवा वर्गमा । विशेषरुपमा वर्तमान जीवन सुधारेर शान्त वातावरण बनाउन । ८० भन्दा बढी पुस्तककरुका लेखक, नेवारी र नेपाली भाषामा ।
प्रधान सम्पादक : धर्मकीर्ति मासिक पत्रिका
संस्थापक : संघाराम भिक्षु तालिम केन्द्र र ध्यानकुटी विहार, बनेपा
धर्मानुशासक : धर्म कीर्ति अध्ययन गोष्ठी, स्वयम्भू ज्ञानमाला भजन खलः र युवा बौद्ध समूह काठमाडौं
अध्ययन-बुद्धधर्म : श्रीलंकामा ८ वर्ष, भारतमा ८वर्ष
भ्रमण : श्रीलंका, म्यानमार, थाईल्याण्ड, मलेशिया, मंगोलिया, चीन, भूटान, लण्डन, रुस, जर्मन, जापान

वि.सं. २०४८ मा चीनमा संसदीय प्रतिनिधि मण्डलको सदस्य, सन् १९९५ एशियन शान्ति सम्मेलन जापानमा सहभागी, सन् १९९७ मा अन्तर्राष्ट्रिय धार्मिक सम्मेलन, सन् १९९८ मा संघ सम्मेलन अन्तर्राष्ट्रिय बुद्धको ज्योति सम्मेलन क्यानाडा, बर्मा सरकारबाट अगगमहासद्धम्म ज्योतिक धज पदवी प्राप्त ।

Downloaded from http://www.dhamma.digital